व्यावसायिक चरित्र, पारदर्शी व्यवहार ।
निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार ॥

## नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको

# दोस्रो राष्ट्रिय सम्मेलनमा भएका सम्बोधनहरू तथा घोषणापत्र, २०७६





प्रकाशक

**महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

**प्रहरी प्रधान कार्यालय, काठमाडौं**




नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल




नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनाल

## नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको

# दोस्रो राष्ट्रिय सम्मेलनमा भएका सम्बोधनहरू तथा घोषणापत्र, २०७६

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
प्रहरी प्रधान कार्यालय, काठमाडौं

# सम्पादन समिति

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल

प्रकाशित मिति : २०७६, माघ

प्रकाशन संख्या : १००० (एक हजार) प्रति

# विषय सूची

## समुद्घाटन समारोह


१. सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर जबराज्यूबाट भएको सम्बोधन १

२. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूबाट भएको सम्बोधन ६

३. नेपाल बार एशोसिएशनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठज्यूबाट भएको मन्तव्य ११

४. नेपाल प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूबाट भएको स्वागत मन्तव्य १३


## समापन समारोह


५. प्रमुख अतिथि माननीय गृह मन्त्री श्री रामबहादुर थापाज्यूबाट भएको सम्बोधन १७

६. सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट भएको सम्बोधन २०

७. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूबाट भएको सम्बोधन २१

८. नेपाल बार एशोसिएशनका महासचिव श्री लीलामणि पौडेलज्यूबाट भएको मन्तव्य २३

९. नेपाल प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूले गर्नुभएको धन्यवाद ज्ञापन २४


## घोषणापत्र


नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७६ २७

# समुद्‌घाटन समारोह

## १. प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शमसेर जबराज्यूबाट भएको सम्बोधन,

**अनुसन्धानकर्ता प्रहरी तथा अभियोजनकर्ता सरकारी वकीलहरूको यस दोस्रो राष्ट्रिय सम्मेलन समुद्‌घाटन समारोहको सभापतित्व गरिरहनु भएका माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यू,**

**माननीय गृहमन्त्री श्री रामबहादुर थापा 'बादल'ज्यू,**

**नेपाल बार एशोसिएशनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठज्यू,**

**समारोहमा विभिन्न निकायहरूबाट अतिथिको रूपमा पाल्नु भएका पदाधिकारी तथा प्रतिनिधिज्यूहरू,**

**सम्मेलनका सहभागीज्यूहरू,**

**पत्रकारज्यूहरू, भद्र महिला तथा सज्जनवृद !**

१. सर्वप्रथम, नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को समुद्‌घाटन समारोहमा प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी यस महत्वपूर्ण सम्मेलनको समुद्‌घाटन तथा शुभकामना मन्तव्य समेत राख्ने अवसर प्रदान गरेकोमा आयोजकप्रति हार्दिक आभार र धन्यवाद व्यक्त गर्दछु । फौजदारी न्याय प्रणालीको मेरुदण्डको रुपमा रहेका नेपाल प्रहरी र सरकारी वकीलहरुको सम्मेलनलाई निरन्तरता दिँदै दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरेकोमा महान्यायाधिवक्ताको कार्यालय तथा प्रहरी प्रधान कार्यालयकालाई हार्दिक बधाई दिन चाहन्छु । साथै, सम्मेलनको सफलताको हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दछु ।

२. फौजदारी न्याय प्रणाली समाजमा न्याय एवम् सुव्यवस्था कायम गर्ने माध्यम र कानूनको शासनको आधारस्तम्भ पनि हो । फौजदारी न्याय प्रणालीको प्रभावकारिताको लागि स्वतन्त्र, निष्पक्ष, सुदृढ एवम् सक्षम अनुसन्धान र अभियोजन अपरिहार्य मानिन्छ। न्याय प्रणालीप्रतिको आस्था र विश्वास अभिवृद्धिका लागि यसका सम्पूर्ण अवयवहरुको सक्षमता, विश्वसनीयता र क्रियाशीलता त्यतिकै आवश्यक हुन्छ । त्यसकारण नै फौजदारी न्याय प्रणालीको मेरुदण्डको रुपमा रहने अनुसन्धानकर्ता र अभियोजनकर्ताको स्वतन्त्रता, निष्पक्षता, सक्षमता र जवाफदेहिताका सम्बन्धमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय

स्तरमा विभिन्न प्रयासहरु हुनुका साथै सोसम्बन्धी मापदण्डहरुको विकाससमेत भएको छ । प्रस्तुत राष्ट्रिय सम्मेलन त्यसैको एउटा कडी हो भन्ने मलाई लागेको छ ।

३. अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको यो राष्ट्रिय सम्मेलन विगतको सम्मेलनभन्दा केही भिन्न अवस्था, परिस्थिति र सन्दर्भमा हुन लागेको मैले पाएको छु । नेपालको संविधान बमोजिम बन्नुपर्ने कतिपय नयाँ कानूनहरुको निर्माण भई कार्यान्वयनमा आएका छन् । विगत लामो समयदेखि अभ्यासमा रहेको मुलुकी ऐन लगायतका कानूनहरुलाई प्रतिस्थापन गर्दै युगानुकूल परिवर्तन र नवीन विधिशास्त्रीय मान्यतासहित निर्माण भएका संहिताहरु जारी भएको र ती कानूनहरुको कार्यान्वयनको करिब एक वर्षको अनुभव समेत हामीले हासिल गरेका छौं । संहिता कानूनहरुले आत्मसात् गरेको अवधारणा र विधिशास्त्रीय मान्यता अनुरुप न्याय प्रशासनमा आबद्ध सबै निकायहरुले आफ्नो भूमिका र क्षमतालाई रुपान्तरण गर्नुपर्ने आवश्यकता छ । प्रस्तुत सन्दर्भमा फौजदारी न्याय प्रणालीका महत्वपूर्ण आधार अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको यो दोस्रो राष्ट्रिय सम्मेलन विशिष्ट र दूरगामी महत्वको रहनेछ भन्ने मलाई लागेको छ । “व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार” भन्ने मूल नाराका साथ आयोजना भएको यस सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रहरु समेत अत्यन्त सान्दर्भिक र समयसापेक्ष रहेको मैले पाएको छु ।

४. फौजदारी न्याय प्रणालीका सन्दर्भमा हाम्रो आफ्नै लामो अभ्यास र अनुभव रहेको छ । संवैधानिक, कानूनी र संरचनागत परिवर्तन अनुसार ती अभ्यासहरुमा परिमार्जन समेत हुँदै आएका छन् । न्याय प्रणालीको प्रभावकारिताका सम्बन्धमा न्यायिक इतिहासको विभिन्न कालखण्डका अभ्यास र अनुभवहरु समेत हामीसँग छन् । नेपाल अधिराज्यको संविधान, २०४७ र त्यसपछि जारी भएका नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको संविधान एवम् तत्सम्बन्धमा बनेका विभिन्न कानूनहरुले अनुसन्धान र अभियोजन सम्बन्धी निकाय र कार्यलाई स्पष्टतः छुट्याएको छ । त्यसै अनुरुपको न्याय प्रशासनको अभ्यास पनि हामीले गर्दै आएका छौं । तथापि, सैद्धान्तिक दृष्टिकोण तथा हाम्रो आफ्नै अभ्यास र अनुभवबाट स्थापित कुरा के हो भने अनुसन्धान, अभियोजन र न्याय निरुपण गर्ने निकाय बीचको कार्यगत सम्बन्ध, समन्वय र सहकार्य अन्योन्याश्रित र परिपुरक हुन्छ । एउटा निकायको सक्षमताले मात्र सुदृढ र सक्षम न्याय प्रणालीको गन्तव्य भेट्न सकिदैन भन्ने मलाई लाग्दछ । तसर्थ, फौजदारी न्याय प्रशासनको मुख्य भूमिकामा रहेका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील बीचको यसप्रकारको सम्मेलन अत्यन्त सान्दर्भिक एवम् औचित्यपूर्ण रहेको छ र यसले निरन्तरता पाइरहोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु ।

५. मैले अघि संहिताहरुको सन्दर्भ यहाँहरु समक्ष थोरै राखेको थिएँ । वास्तवमा संहिता कानूनहरु न्याय प्रणालीमा आवद्ध हामी सबैको लामो प्रयास र धैर्यतापछि जारी भएका हुन् । नागरिक कानूनको रुपमा रहेका संहिताहरु आफैँमा विस्तृत, जटिल, गहन र महत्वपूर्ण छन् । कानूनका व्यवस्थाहरु आफैँ कार्यान्वयनमा आँउदैनन्; त्यसका लागि आवश्यक पूर्वाधार र सम्बद्ध निकायहरुको स्पष्ट प्रतिबद्धता अपरिहार्य हुन्छ । सँगसँगै न्याय प्रशासनमा आवद्ध निकाय र जनशक्तिहरुमा अवधारणागत स्पष्टता, सक्षमता एवम् संहिताहरुको प्रयोगमा एकरुपता समेत त्यत्तिकै आवश्यक छ । संहिताहरुको प्रभावकारी एवम् समुचित प्रयोगबाट नै ती कानूनहरुले गतिशीलता प्राप्त गर्न सक्दछन् । संहिताहरुको कार्यान्वयनको प्रारभिक अवस्थामा जती राम्रो अभ्यासलाई हामीले स्थापित गर्न सक्छौ भविष्यका लागि त्यो त्यतिनै महत्वपूर्ण मार्गदर्शन बन्न सक्दछ र त्यसबाट नै संहिताहरुले जीवन्तता प्राप्त गर्नेछन् ।

६. संहिताहरुको प्रयोगमा एकरुपता र कार्यान्वयनमा प्रभावकारिताको लागि सर्वोच्च अदालतले संहिताहरु लागू हुनु पूर्वदेखि नै विभिन्न प्रयासहरु गर्दै आएको छ । संहिता कानूनको कार्यान्वयन सम्बन्धी आवश्यक नियमावली, निर्देशिका तथा मार्गदर्शनहरुको निर्माण तथा जनशक्तिहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु समेत सञ्चालन हुँदै आएको छ । संहिताहरुको कार्यान्वयनमा आउन सक्ने द्विविधा र बाधा अड्काउ फुकाई कार्यान्वयनमा एकरुपता ल्याउने उद्देश्यका साथ सर्वोच्च अदालतमा गठित संयन्त्रले निरन्तर सहजीकरणको कार्य गर्दै आएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट समेत संहिताहरुको कार्यान्वयन लगायत अन्य समसामयिक सुधारको प्रयासहरुलाई प्राथमिकताकासाथ अगाडि बढाइरहेको मैले पाएको छु । खासगरी, पछिल्लो समयमा संहिताहरुको कार्यान्वयनसँग सम्बन्धित नियमावली, निर्देशिकाहरुको निर्माण, अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन कार्यविधिगत सहजीकरणका लागि निर्देशिका, मापदण्डहरुको निर्माण एवम् सरकारी वकीलहरुको विशिष्टीकरण सम्बन्धी तालिम लगायत भैरहेका सुधारका कार्यहरुको म हृदयदेखि नै प्रशंसा गर्दछु । त्यसप्रकारका सुधार र जनशक्तिहरुमा हुने क्षमताको विकासले न्याय सम्पादन र समग्र न्याय प्रणालीमा नै योगदान पुग्दछ भन्ने मेरो विश्वास रहेको छ । अनुसन्धानको महत्वपूर्ण जिम्मेवारी रहेको नेपाल प्रहरीबाट पनि नयाँ संहिताहरुको कार्यान्वयनका सन्दर्भमा आवश्यक प्रयासहरु भैरहेका छन् भन्ने कुरामा मेरो पूर्ण विश्वास रहेको छ ।

७. संहिताहरुले न्याय प्रशासनका सन्दर्भमा अनुसन्धान र अभियोजन निकायको भूमिका र जिम्मेवारीलाई विस्तृत बनाएको छ । Plea Bargaining लगायत कतिपय अवधारणागत र कार्यविधिगत नवीनताहरु संहिताले ल्याएका छन् । सजायको निर्धारण तथा कार्यान्वयन सम्बन्धी स्पष्ट व्यवस्था र दण्डका सुधारात्मक उपायहरु सहित फौजदारी कसूर (सजाय

निर्धारण तथा कार्यान्वयन) ऐन आएको छ । यी विषयहरुमा अवधारणागत स्पष्टता सहित कार्यान्वयनमा एकरुपता वान्छनीय हुन्छ । प्रस्तुत सम्मेलनमा ती विषयहरुमा पर्याप्त छलफल हुने नै छ भन्ने मैले अपेक्षा गरेको छु। साथै, यस अवसरमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले आत्मसात् गरेका दण्ड सजायका सुधारात्मक व्यवस्थाहरु कार्यान्वयनमा लैजान समेत सम्बन्धित निकायहरुमा हार्दिक आग्रह गर्दछु ।

८. अनुसन्धान र अभियोजन सम्बन्धी निकायहरुको बढ्दो कार्यबोझ तथा संहिता कानूनहरुबाट सिर्जित जिम्मेवारीको सम्बोधन एवम् अनुसन्धान र अभियोजनको प्रभावकारिताको लागि ती निकायहरुमा जनशक्ति थप गर्नुपर्ने र कार्यरत जनशक्तिको निरन्तर क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । नेपालको संविधानले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशलाई सुम्पेको हैसियतले ती निकायहरुमा जनशक्ति वृद्धि र क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने बजेट समेतको व्यवस्थापनका लागि यस अवसरमा सम्बन्धित निकायहरुमा हार्दिक आग्रह समेत गर्न चाहन्छु ।

९. फौजदारी न्याय प्रणालीका परम्परागत मान्यता, अवधारणा र मापदण्डले मात्र अब पुग्ने अवस्था छैन। समसामयिक रुपमा विकसित, स्वीकृत र अवलम्वित मापदण्डहरुको समेत अनुशरण गर्नुपर्ने भएको छ। त्यसकै आधारमा समग्र न्याय प्रणालीको स्तर मापन हुने अवस्था पनि छ । तसर्थ, संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय संयन्त्रहरु खासगरी, United Nations Office on Drugs and Crime and International Association of Prosecutors Guide ले तयार गरेको Prosecutors Guide ले निर्धारण गरेका अभियोजनसँग सम्बन्धित मानक र मापदण्डलाई समेत ध्यान दिनु त्यत्तिकै आवश्यक छ। यस सम्मेलनमा यी लगायतका विषय र क्षेत्रहरुमा आवश्यक छलफल हुने नै छ।

१०. यस सम्मेलनमा अघिल्लो सम्मेलनका उपलव्धिहरुको कार्यान्वयन अवस्थाको समीक्षा हुनेछ । साथै, यस सम्मेलनको उद्देश्य अनुरुप अनुसन्धान र अभियोजनको विद्यमान अवस्था, समस्या र चुनौतीहरु तथा अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको समन्वय र सहकार्यका क्षेत्रहरुको बारेमा कार्यपत्रहरु प्रस्तुत भई घनिभूत छलफल हुने अपेक्षा गरेको छु । खासगरी, संहिताहरुको एकरुपताका साथ प्रभावकारी कार्यान्वयन गर्ने, वस्तुनिष्ठ अनुसन्धान तथा प्रभावकारी अभियोजनका माध्यमबाट फौजदारी न्याय प्रणालीलाई सक्षम र प्रभावकारी बनाउन सम्मेलनले महत्वपूर्ण कार्यदिशा तय गर्नेछ भन्ने अपेक्षा समेत गरेको छु ।

११. अन्तमा, नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको यस दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी हुने र शुभकामना मन्तव्य राख्ने अवसरका लागि आयोजकप्रति पुनः आभार र धन्यवाद व्यक्त गर्दछु । सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रहरु तथा त्यस उपर हुने छलफलले उपयुक्त निष्कर्ष र भावी कार्यदिशा सहितको घोषणापत्र जारी गर्नेछ भन्ने अपेक्षासहित सम्मेलन सफलताको शुभकामना व्यक्त गर्दै विदा हुन्छु ।

धन्यवाद् !

## २. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूबाट भएको सम्बोधन

**समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीशज्यू,**

**माननीय गृह मन्त्रीज्यू,**

**संसदका समितिका माननीय सभापतिज्यूहरू,**

**सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, न्याय परिषद्का माननीय सदस्यज्यू,**

**नेपाल बार एशोसिएसनका अध्यक्षज्यू, सम्मेलनमा उपस्थित उच्च पदस्थ पदाधिकारीज्यूहरू**

**सम्मेलनका सहभागी अनुसन्धानकर्ता र अभियोजकर्ताहरू, पत्रकारज्यूहरू, भद्र महिला तथा सज्जनबृन्द ।**

**"व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार"** भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको यो दोस्रो राष्ट्रिय सम्मेलनमा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक आभार प्रकट गर्दछु ।

अपराध अनुसन्धान गर्ने प्रहरी र अभियोजनकर्ता सरकारी वकीलका बीचको समन्वय र सहकार्यको अभ्यास विगतदेखि नै हुँदै आएको हो । महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले पनि यो विषयलाई प्राथमिकतापूर्वक उल्लेख गरेको छ । समन्वय र सहकार्यको अवधारणालाई मूर्तता प्रदान गर्न २०७३ साल माघमा पहिलो पटक नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनको आयोजना भएको थियो । "प्रभावकारी अनुसन्धान र अभियोजन, सुदृढ फौजदारी न्याय प्रशासन" भन्ने मूल नाराका साथ सम्पन्न भएको सो सम्मेलनले पारित गरेको घोषणापत्रमा अपराध अनुसन्धान र अभियोजनलाई व्यावसायिक कार्यको रुपमा लिई स्वतन्त्र, निष्पक्ष र हस्तक्षेपमुक्त रुपमा कार्य सम्पादन गर्ने प्रतिबद्धता प्रकट गरेको थियो । सो सम्मेलनले स्वच्छ सुनुवाइको पालना र मानव अधिकारको सम्मानमा जोड दिँदै अनुसन्धान र अभियोजन प्रणालीमा समयानुकूल सुधारको आवश्यकता पनि औंल्याएको थियो । सो सम्मेलनपछि अनुसन्धान र अभियोजनसँग सम्बन्धित जनशक्तिहरुको निरन्तर संवाद, समन्वय र सहकार्य अझ विस्तार भएको देखिएको छ । पहिलो राष्ट्रिय सम्मेलनको घोषणापत्रमा उल्लेख भए बमोजिम तीन वर्षपछि यो दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरिएको छ ।

मुलुकले लामो समयदेखि अपनाइ आएको कानून प्रणालीलाई आधुनिकीकरण गर्ने उद्देश्यले जारी भएका मुलुकी संहिताहरुको कार्यान्वयनको एक वर्ष पूरा भएपछि ती संहिताहरुको कार्यान्वयनलाई केन्द्रविन्दुमा राखेर यो सम्मेलन आयोजना गरिएको छ । मुलुकको सामाजिक संविधानको रुपमा जारी भएका मुलुकी संहिताको कार्यान्वयनमा एकरुपता कायम गर्नु सम्मेलनको अर्को उद्देश्य हो । कुनै पनि मुलुकमा कानूनको शासनको अवस्थाको मूल्यांकन

गर्ने प्रमुख सूचक फौजदारी कानूनको कार्यान्वयन नै हो । त्यसमा पनि खास गरी अपराध नियन्त्रणको अवस्था नै हो । अपराध नियन्त्रणका लागि प्रभावकारी फौजदारी कानूनको आवश्यकता पर्दछ । त्यसका साथै कानूनको पालना गर्ने नागरिक संस्कार एवम् कानून कार्यान्वयन गर्ने निकायको सक्षमता र प्रभावकारिता आवश्यक पर्दछ । फौजदारी कानून कार्यान्वयनका लागि अपराध अनुसन्धान र अभियोजन महत्वपूर्ण पाटा हुन् जसले न्याय सम्पादन प्रक्रियालाई सहयोग गर्दछ । समग्र फौजदारी न्याय प्रणालीको उन्नयनका लागि अपराध अनुसन्धान गर्ने निकाय र अभियोजन गर्ने निकायको साझा क्रियाशीलता आवश्यक छ। यी दुई निकायहरु बीच समन्वय र सहकार्य नै यसको कसी हो। नेपालको फौजदारी न्याय प्रशासनमा अपराध अनुसन्धानको जिम्मा नेपाल प्रहरीलाई र अभियोजनको जिम्मा सरकारी वकीलहरुलाई दिइएको छ। यी दुवै निकायका कार्यात्मक स्वायत्तता पनि छन्। समन्वयपूर्वक कार्य सम्पादन गर्नु पर्ने जिम्मेवारी पनि कानूनले नै निर्धारण गरिदिएको छ । कानून र व्यवस्था कायम गर्ने राज्यको दायित्व पूरा गर्न यी दुवै निकायहरु क्रियाशील रहन्छन्। त्यसैले यहाँ एकअर्का बीच प्रतिस्पर्धा वा नकारात्मकताको कुनै आवश्यकता देखिदैन । यो साझा जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने विषय हो जसको पारख न्याय सम्पादन प्रक्रिया एवम् नागरिक मूल्यांकनबाट निरन्तर भइरहेको हुन्छ ।

हामी पहिलो सम्मेलनको अवस्थाभन्दा अहिले केही भिन्न अवस्थामा आइपुगेका छौं। निक्कै लामो लगन र मेहनतबाट मुलुकले कानूनको आधुनिकीकरण गरेको छ। मुलुकी ऐनलाई विस्थापित गरी नयाँ मुलुकी संहिताहरु जारी भएकाछन्। नयाँ संहिताले अपराधको दायरा विस्तार गरेको छ। कतिपय अपराधका परिभाषामा परिवर्तन गरेको छ। कतिपय नयाँ विषयहरु अपराधको कोटीमा समावेश भएका छन्। केही अपराधमा सजायको मात्रामा घटी बढी पनि भएको छ। कसूरको गम्भीरता र सजायको मात्रालाई समानुपातिक बनाउन कानूनमा स्पष्ट आधारहरु उल्लेख गरिएको छ। सारमा सुधारात्मक फौजदारी न्याय प्रशासनको दिशामा मुलुक अगाडि बढेको छ । यो क्रममा हामीले अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनु पर्ने थप जिम्मेवारी प्राप्त गरेका छौं। नयाँ व्यवस्थाहरुको सार्थक प्रयोग गरी सकारात्मक नतिजा दिनु पर्ने चुनौती पनि हामीसँग रहेको छ। सभ्य मुलुकले अवलम्बन गरेका सफल अभ्यासलाई व्यावहारिक रुपमा कार्यान्वयन गरी फौजदारी न्याय प्रशासनलाई आधुनिकीकरण गर्नु पर्ने चुनौती हामीसँग रहेको छ। यी चुनौतीलाई सम्बोधन गर्नका लागि उत्साही र व्यावसायिक अनुसन्धानकर्ता र अभियोजनकर्ताको आवश्यकता पर्दछ। वैज्ञानिक प्रमाणको प्रस्तुतिका लागि प्रविधि र प्रयोगशालाको विस्तारको आवश्यकता पर्दछ । कार्यबोझको आधारमा जनशक्ति व्यवस्थापनको आवश्यकता पर्दछ । संख्यात्मक साथ साथै कार्यसम्पादनमा गुणात्मक सुधारको आवश्यकता पर्दछ । यस दिशामा सम्बद्ध अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुले आफूलाई तत्पर राख्ने अपेक्षा राख्दछु र सरोकारवाला निकायहरुले समेत यो विषयलाई विशेष प्राथमिकता प्रदान गर्नेमा विश्वास प्रकट गर्दछु ।

फौजदारी न्याय प्रणालीका सबै सरोकारवाला निकायका उच्च पदाधिकारीहरुको गरिमामय उपस्थिति रहेको यो समारोहमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले कार्य सम्पादन गरिरहेको वर्तमान अवस्थाका बारेमा कुनै उदाहरण प्रस्तुत गरिरहनु पर्दैन । यहाँहरु सबैले नजिकबाट नियाली रहनु भएको छ । समयान्तरसँग जिम्मेवारीमा आएको परिवर्तनलाई सामना गर्न सक्ने सामर्थ्य अनुसन्धानकर्ता र अभियोजनकर्तामा विकास गराउनु पर्ने दायित्व रहेको छ । एउटा घटनामा अपराधको अनुसन्धान र अभियोजन सही रुपमा हुन सकेन भने सिंगो राज्य व्यवस्थाले नै प्रताडित हुनु पर्ने हुन्छ। अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन सक्ने हो भने लामो समयान्तरपछि पनि प्रमाण संकलन गर्न सकिने अनुभवले देखाएको छ। यस्ता अभ्यासबाट प्राप्त भएका नतिजाहरुको मिहिन विश्लेषण गरी हामीले सुधारको मार्गचित्र कोर्नु पर्ने आवश्यकता छ । सिंगो प्रणालीमा सुधारका लागि एकांकी प्रयासले सार्थक नतिजा दिन सक्दैन। संस्थागत सुधार गरी बलियो संरचना निर्माण गर्न सकियो भने, कार्यप्रणालीमा सुधार गर्न र जनशक्तिको व्यावसायिकता विकास गरी उच्च मनोबल कायम हुने वातावरण निर्माण गर्न सकियो भने मात्र सुधारको दिगोपना हासिल हुन सक्दछ भन्ने अभ्यास र अनुभवले देखाएको छ ।

संस्थागत सुधारको दिशामा महान्यायाधिवक्ताको कार्यालयका प्रयासहरु सकारात्मक दिशामा अगाडि बढेका छन् । यो अवसरमा रणनीतिक रुपमा सुधारका कार्यहरुको प्रारम्भ गर्ने अग्रजहरुलाई म हार्दिकतापूर्वक स्मरण गर्न चाहन्छु । अभियोजनकर्ताहरुका लागि उपयुक्त कार्य वातावरण निर्माण गर्नका लागि भवन निर्माणको कार्यलाई द्रूततापूवर्क सञ्चालन गरिएको छ । सूचना प्रविधि पद्धतिलाई कार्य सम्पादनसँग आबद्ध गर्ने प्रयास जारी छ । अवसरको विस्तारका लागि प्रयासहरु भएका छन् । अध्ययन, अवलोकन, प्रशिक्षणका माध्यमबाट व्यावसायिकता विकास गर्ने आधार तयार पार्ने कार्य भैरहेको छ। विषयगत विशिष्टीकरणको प्रक्रिया प्रारम्भ भएको छ । अब यो परिवेशमा काम कारवाहीमा गुणात्मकता प्रदर्शन गर्नु पर्ने अवस्था छ । हाम्रा आचरण र व्यवहारबाट सुधारका प्रयासले सकारात्मक योगदान दिएको प्रतिविम्ब आमनागरिकले अनुभूति गर्न सक्ने बनाउनु हाम्रो दायित्व हो । सरकारी वकीलको संस्थागत सुधारमा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस्तै सहयोगको निरन्तरताको अपेक्षा राख्दछु ।

अपराधको मात्रा भएको विस्तार र प्रबत्तिमा देखिएको परिवर्तनलाई सम्बोधन गर्न सक्ने गरी अनुसन्धान गर्ने निकायको क्षमता विकास गरिनु पर्ने आवश्यकता छ । विद्युतीय अपराधका नयाँ स्वरुपहरु देखिएका छन् । सोही अनुसार दक्ष अनुसन्धानकर्ता र प्रविधिको विकासलाई प्राथमिकता प्रदान गर्नु पर्दछ। नयाँ नयाँ कानूनहरु तर्जुमा भइरहेको अवस्थामा अपराध अनुसन्धानका लागि विशिष्टीकृत जनशक्ति विकास गर्नु पर्ने विगतदेखिको अपेक्षा प्राथमिकतापूर्वक पूरा हुनु पर्ने देखिएको छ। अपराध पीडितलाई न्याय प्रणालीको केन्द्रभागमा राखी विशेष सहायता र संरक्षण गर्नु पर्ने राज्यको दायित्व हो। यो दायित्व पूरा गर्न कानून निर्माण भएको छ। अब सो कानून कार्यान्वयनका लीग आवश्यक पूर्वाधार र स्रोतको समुचित

व्यवस्था गरी यथाशक्य चाँडो पीडित राहत कोषको प्रबन्ध समेतका कार्य हुनु पर्दछ । ती कानूनले निर्देश गरेअनुसार हाम्रा काम कारवाही र व्यवहार सञ्चालित हुनु पर्दछ । त्यसै गरी साक्षी संरक्षणको विषय फौजदारी न्याय प्रशासनको विशेष चुनौतीको रुपमा देखिएको छ । यसका लागि आवश्यक पर्ने कानूनी व्यवस्था यथाशक्य चाँडो गर्नु पर्ने आवश्यकता छ । विशेष प्रकारका मुद्दामा विशेष अनुसन्धान पद्धति अंगिकार गर्न सकिने कानूनी व्यवस्थालाई कार्यान्वयनमा ल्याउनका लागि दक्ष र उत्प्रेरित जनशक्तिको आवश्यकता परिपूर्ति हुनु पर्ने आवश्यकता देखिएको छ ।

अपराधको अनुसन्धान र फौजदारी मुद्दाको फैसला कार्यान्वयनसँग जोडिएको महत्वपूर्ण क्षेत्र कारागार र हिरासत कक्ष हो । महान्यायाधिवक्तालाई संविधानले सुम्पिएको जिम्मेवारी बमोजिम अनुगमन गर्दा मुलुकमा कारागार र हिरासतको अवस्थामा प्राथमिकतापूर्वक सुधार गर्नु पर्ने देखिएको छ । दण्डको सुधारात्मक प्रणाली अंगिकार गरी कानून तर्जूमा भइसकेको सन्दर्भमा ती ठाउँहरुलाई सुधार गृहको रुपमा विकास गर्नु पर्ने अवस्था छ । बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भई बाल न्यायका स्वीकृत मान्यताहरुलाई आत्मसात गरिसकेको अवस्थामा बाल सुधार गृहको विस्तार र स्तरोन्नति गर्नु पर्ने आवश्यकता रहेको छ ।

मुलुकी अपराध संहिताले कसूरको रुपमा परिभाषित गरेका छाउपडी जस्ता मानव मर्यादा विपरीतका कार्यहरुलाई अबको समाजले कुनै पनि रुपमा संरक्षण गर्नु हुँदैन । निश्चय नै सामाजिक सांस्कृतिक अभ्यास र परम्पराहरु मुलुकका अमूल्य निधि हुन् । तर सम्भ समाजका लागि नसुहाउने कुरीति र गलत प्रथा परम्पराहरु उन्मूलन हुनै पर्दछ । हाम्रा अग्रजले चेतनाको बीज राम्ररी अंकुरण भइनसकेको समाजिक अवस्थामा पनि गलत प्रथा परम्पराहरु अन्त्य गरेका इतिहास छ । अब हामी सबैले मिलेर छाउपडी र छुवाछुत एवम् जातीय भेदभाव जस्ता विषयहरु अन्त्य गर्नु पर्दछ । यसमा सबै तहका सरकारी निकाय र राजनीतिक तथा सामाजिक पक्षको सहयोग र सहकार्यको आवश्यकता रहेको छ ।

न्याय सम्पादन प्रक्रियामा वैज्ञानिक प्रमाणको प्रस्तुतिका लागि महान्यायाधिवक्ताको कार्यालयले स्वायत्तता सहितको विधि विज्ञान प्रयोगशालाको प्रबन्ध गर्नु पर्ने आवश्यकता औंल्याएको छ । प्रादेशिक तहमा विधिविज्ञान प्रयोगशालाको विस्तारका लागि अगुवाइ गरेको छ । यस वर्ष सरकारको तर्फबाट नीतिगत प्रतिबद्धतासहित केही स्रोत पनि विनियोजन भएको छ । न्यायमा सहज पहुँच कायम गर्न समेत यो प्रयासले सहयोग पुऱ्याउने छ भन्ने विश्वास प्रकट गर्दछु । विधि विज्ञान र फरेन्सिक मेडिसिनलाई नियमन र व्यवस्थापन गर्न छुट्टै कानून निर्माण हुनु पर्ने तर्फ सम्बद्ध सबै पक्षको अग्रसरता कायम होस् भन्ने आग्रह गर्न चाहन्छु ।

मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता एवम् फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको प्रभावकारी कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीले निरन्तर सहकार्य गरिरहेको छ । यसै बीच नेपाल प्रहरीको अग्रसरता र महान्यायाधिवक्ताको कार्यालयको सहकार्यमा वार्षिक रुपमा प्रादेशिक सम्मेलनहरु सम्पन्न भएका छन् । सबै तहका समन्वय संयन्त्रलाई प्रभावकारी बनाउने प्रयास गरिएको

छ । समन्वय र सहकार्यको प्रारम्भिक नतिजा उत्साहप्रद रहेको छ । गत आर्थिक वर्षमा सरकारी मुद्दाको सफलताको प्रतिशत ७२.२८ प्रतिशत पुगेको छ । यो हालसम्मको सबैभन्दा बढी सफलता प्रतिशत हो । यो सकारात्मक नतिजा ल्याउन योगदान गर्ने सबैमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु र यसलाई निरन्तर विस्तार गर्ने दिशामा क्रियाशील हुन आह्वान समेत गर्दछु ।

अपराध अनुसन्धान र अभियोजन एक अर्काका परिपुरक विषय हुन् । तर यी विषय आफैंमा स्वायत्त पनि हुन् । कुनै पनि रुपमा कार्य सम्पादनमा स्वायत्तताको विषय नियन्त्रण वा हस्तक्षेपको विषय हुँदैन भन्नेमा महान्यायाधिवक्ताको कार्यालय स्पष्ट रहेको छ। स्वायत्ततासँग उत्तरदायित्व पनि जोडिएर आउँछ भन्ने बारेमा पनि हामी सबै स्पष्ट हुन आवश्यक छ । संविधान र कानूनले निर्धारण गरेको सीमा र परिधिभित्र रही असल अभ्यासको विकास गर्न र मुलुकमा कानून र व्यवस्था कायम गर्ने साझा लक्ष्यमा पुग्नका लागि सहअस्तित्वको मान्यतासहित सहकार्यमा हामी जसरी अगाडि बढेका छौं, त्यसको निरन्तरताको आवश्यकता रहेको छ । सुदृढ फौजदारी न्याय प्रशासन मुलुकको सम्बृद्धि र सुशासनको आधारको रुपमा रहेको तथ्यलाई मनन् गर्दै हामी पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन क्रियाशील रहने प्रतिबद्धता प्रकट गरौं । सम्बद्ध सरकारी निकायहरु एवम् सरकारवालाहरुबाट पनि हाम्रो यो आदर्श हासिल गर्न आवश्यक सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु ।

यो सम्मेलन औपचारिकताका लागि आयोजना गरिएको होइन । फौजदारी कानूनको कार्यान्वयनका लागि साझा धारणा विकास गर्न आयोजना गरिएको हो । त्यसैले सम्मेलनका सहभागीहरुलाई सक्रीय रुपमा छलफलमा सहभागिताका लागि अनुरोध गर्दछु । एकापसका समस्याहरुमा खुलेर छलफल गरी समाधानका उपायहरु पहिल्याउन आग्रह गर्दछु । आफूले प्रारम्भ गरेका नयाँ अभ्यासहरुलाई समूहगत रुपमा प्रस्तुत गरी सकारात्मकता विस्तार गर्नु हुनेछ भन्ने अपेक्षा राख्दछु । सम्मेलनमा सहकार्यको उत्साह प्रकट गर्ने नेपाल प्रहरीको अग्रसरताका लागि विशेष धन्यवाद ज्ञापन गर्दछु । सम्मेलनले अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचको सम्बन्धलाई प्रगाढ बनाउन र सहकार्यलाई थप सुदृढ तुल्याउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, आफ्नो कार्यव्यस्तताका बीच सम्मेलनको उद्घाटन समारोहमा प्रमुख अतिथिको रुपमा सम्माननीय प्रधान न्यायाधीशज्यूको गरिमामय उपस्थितिका लागि हार्दिक आभार प्रकट गर्दछु । सम्मेलनमा उपस्थित सम्पूर्ण प्रतिनिधिहरु, पर्यवेक्षक तथा अतिथिज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु र सम्मेलनको आयोजना एवम् व्यवस्थापनमा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

२०७६ पुस ४ गते

## ३. नेपाल बार एशोसिएशनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठज्यूबाट भएको मन्तव्य

**सम्माननीय प्रधान न्यायाधीशज्यू,**

**माननीय मन्त्रीज्यू,**

**नेपाल सरकारका महान्यायाधिवक्ताज्यू,**

**सम्मानित सर्वोच्च अदालतका न्यायाधीशज्यू**

**यस गरिमामय समारोहमा उपस्थित सम्पूर्ण सज्जन महानुभावहरूमा पुष महिनाको पारिलो घामजस्तै अभिवादन ।**

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा मलाई पनि अतिथिको रुपमा आमन्त्रण गरी मेरो आफ्नो र नेपाल बार एशोसिएशनको तर्फबाट शुभकामना सन्देश दिने अवसर प्रदान गर्नु भएकोमा म आयोजक संस्था र नेपाल राज्यका महान्यायाधिवक्ताज्यू तथा नेपाल प्रहरी महानिरीक्षकज्यू समेतलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु ।

न्याय प्रशासन खासगरी फौजदारी न्याय प्रशासनका ४ वटा प्रमुख सरोकारवालाहरूमध्ये अनुसन्धान र अभियोजनमा संलग्न २ वटा सरोकारवाला संस्थाहरूको संयुक्त राष्ट्रिय सम्मेलन हुनु आफैमा महत्वपूर्ण रहेको छ । यी दुईवटा संस्थाहरूलाई संविधान तथा कानूनले दिएको जिम्मेवारी स्वतन्त्र र ईमान्दारीपूर्वक पूरा गरेमा निश्चय नै फौजदारी न्याय प्रशासन विश्वासिलो र आम जनसमुदायको भरोसाको केन्द्र बन्न सक्दछ ।

अपराध अनुसन्धानमा प्रहरीको प्रमुख भूमिका रहन्छ । आजको अपराध अनुसन्धान परम्परागत रुपमा गरिने अनुसन्धान जस्तो हुन सक्दैन । विज्ञान र प्रविधिमा भएको विकास सँग-सँगै अपराध अनुसन्धानमा पनि नयाँ नयाँ चुनौती र अवसर थपिएका छन् । थुनेर सुन्ने हिजोको पद्धति आज अमान्य भइसकेको छ । अपराध घटेको सूचना प्राप्त भएपछि अनुसन्धान अधिकृतले प्रमाण सङ्कलन गरी सङ्कलित प्रमाणका आधारमा उक्त अपराधमा संलग्न व्यक्ति (संकित व्यक्ति) लाई पक्राउ गर्ने र निजको कुरा समेत सुनी अभियोजन गर्ने नगर्ने निर्णय गर्नुपर्ने वर्तमान संवैधानिक तथा कानूनी व्यवस्थालाई अनदेखा गर्न मिल्दैन । फौजदारी न्यायका मान्यता मान्य सिद्धान्त बरु दश जना अपराधी छुटे छुटुन तर एक जना निरपराधी नफसोस् भन्ने कुरामा अनुसन्धानकर्ता एवं अभियोजनकर्ता दुवै सतर्क र सचेत हुनु पर्दछ । यसका लागि तथ्यगत भौतिक प्रमाण समेतको वैज्ञानिक परीक्षण गर्न आवश्यक प्रयोगशाला, विशेषज्ञ एवं इमान्दार प्रयासको जरुरी हुन्छ । आजको अवस्थामा राज्यले यति काम गर्न सक्षम छ ।

निर्दोष मानिसलाई झुट्ठा मुद्दामा फसाउने र दुःख दिने नियत र प्रवृत्ति हुनु हुँदैन् । त्यसैले हालै जारी भई प्रचलनमा रहेका फौजदारी अपराध संहिता, २०७४ र फौजदारी कार्यविधि संहिताले पनि झुट्ठा मुद्दा लगाउने वा गलत अभियोजन लगाउने अधिकारीलाई समेत सजाय गर्न सकिने व्यवस्था गरिएको हो भन्ने कुरामा हामी सबै जानकार नै हुनु पर्दछ । हाल अधिकांश मुद्दाहरूमा राम्रो अनुसन्धान नहुनु वा नगरिनुबाट अनुसन्धान अधिकारी एवं सरकारी वकीलहरूलाई समेत विभिन्न आक्षेपहरू लाग्ने गरेका छन् । नेपालको संविधानको धारा २० द्वारा प्रदत्त न्याय सम्बन्धी हकको पूर्ण परिपालना हुन सकेको अवस्था छैन । अनुसन्धानको क्रममा संकित व्यक्तिले निजले रोजेको कानून व्यवसायीसँग सहयोग लिन पाउने हकको पूर्ण परिपालना हुन सकेको छैन । एउटा वारदातमा संलग्न खास व्यक्ति उपर मात्र अनुसन्धान र अभियोजन गरे हुनेमा शंका वा अन्य कुनै नियतवस संलग्न नै नभएका व्यक्तिहरूलाई समेत मुद्दा चलाउने प्रवृत्तिको पनि विकास भएको देखिन्छ । त्यस्तो हुनु हुँदैन । व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र निजको आत्मसम्मानमा आँच पुग्ने कुरामा ख्याल नगरी अभियोग लगाउनु आजको सभ्य समाजमा सुहाउँदो कुरा होइन । त्यसै गरी अदालतले थुनामुक्त गरेका व्यक्तिलाई एकपछि अर्को मुद्दामा एकपछि अर्को अदालतमा पुऱ्याइने कार्यमा पनि बढोत्तरी भएको देखिन्छ । यसतर्फ पनि सम्मेलनले विचार विमर्श गरी यस सम्मेलनले ठोस निष्कर्ष निकाल्ने नै छ भन्ने मैले विश्वास लिएको छु ।

२०१७ साल, २०४९ साल हुँदै २०७४ सालमा जारी भई २०७५ भाद्र १ गतेदेखि लागू भएका संहिताहरूको मर्म र भावना बमोजिम काम गर्न सकिएमा निश्चित पनि सरकारी मुद्दाहरूको सफलताको दर पनि वृद्धि हुने र आम जनमानसमा पनि विश्वास बढ्ने हुन्छ । फौजदारी न्याय प्रशासनमा नागरिकको विश्वास टुट्यो भने भविश्यमा भयावह स्थिति आउन सक्छ । त्यसैले "व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार" भन्ने मूल नाराकासाथ सम्पन्न हुन लागेको यस दोस्रो राष्ट्रिय सम्मेलनमा तय भएको नाराको उद्देश्य र भावना अनुसार सतत् कार्यान्वयन भयो भने यो सम्मेलन सफल हुने विश्वासका साथ यो एतिहासिक सम्मेलनको पूर्ण सफलताको लागि नेपाल बार एशोसिएशन तथा मेरो व्यक्तिगत रुपमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

## ४. नेपाल प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूबाट भएको स्वागत मन्तव्य

**प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबराज्यू,**

**माननीय गृहमन्त्री रामबहादुर थापा 'बादल'ज्यू,**

**माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू,**

**उपस्थित सम्पूर्ण विशिष्ट महानुभावहरू,**

**सहभागी सरकारी अभियोजनकर्ता र अनुसन्धानकर्ताहरू,**

**संचारकर्मी मित्रहरू ।**

- नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोश्रो राष्ट्रिय सम्मेलनमा हाम्रो आमन्त्रण स्वीकार गरी प्रमुख अतिथिका रुपमा ओजस्वी तथा गरिमामय समुपस्थिति प्रदान गर्नु भएकोमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जवराज्यूप्रति हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन गर्न चाहन्छु ।
- यसै गरी यस सम्मेलनमा उपस्थित हुनुहुने माननीय मन्त्रीज्यू, माननीय महान्यायाधिवक्ताज्यू, श्रीमान् प्रधान सेनापतिज्यू, श्रीमान सचिवज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू, नेपाल वारका अध्यक्षज्यू लगायत न्याय सेवा, निजामती तथा सुरक्षा निकायका प्रमुख तथा वरिष्ठ अधिकारीज्यूहरूलाई स्वागत गर्दछु ।
- 'व्यावसायिक चरित्र, पारदर्शी व्यवहार । निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार ।' लाई मूल मर्मको रुपमा अंगिकार गरेको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको यो दोस्रो राष्ट्रिय सम्मेलनको आयोजकका तर्फबाट यहाँहरुको विशिष्ट उपस्थितिले हाम्रो प्रयास सार्थक भई थप ऊर्जा प्राप्त हुन गएको कुरा उल्लेख गर्न चाहन्छु ।
- साथै यस सम्मेलनवाट प्राप्त हुने निष्कर्षले आगामी दिनका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताका लागि थप पेशागत मार्गप्रशस्त हुनेछ भन्ने बिश्वास व्यक्त गर्न चाहन्छु ।
- नेपाल सरकारको राष्ट्रिय अभियानको एउटा प्रमुख पक्षको रुपमा रहेको "सुखी नेपाली" तय गर्ने प्रमुख आधार भनेको आम नागरिकको न्यायसँगको सहज पहुँच पनि हो । सुखी नेपालीको आधारभूत Bench Mark भनेको निष्पक्ष र कानूनसम्मत प्रभावकारी न्याय प्रणाली नै हो । यसका लागि आजका सम्मेलनका सहभागी दुवै पक्षहरुको गुरुत्तर जिम्मेवारी रहन्छ । सवै सहभागीहरुलाई सम्मेलनमा स्वागत गर्दै उक्त जिम्मेवारी मनन् गर्न म बिशेष अनुरोध गर्दछु ।

- जव हामी समृद्ध नेपालको वकालत गर्छौं, सुशासन र पारदर्शिता र न्यायमा पहुँच मुलभूत आधार हुन् । त्यसैगरी भ्रष्टाचार विरुद्धका हाम्रा अभियानहरु थप निर्मम र पारदर्शिताप्रतिको हाम्रो लगन अझ व्यापक हुनु जरुरी हुन्छ । न्याय निरुपणका सवल स्वरुप तपाई, हामी स्पष्ट र जागरुक हुनुपर्दछ । जुन प्रकारको गन्तव्य हामीले सम्माननीय प्रधानमन्त्रीज्यूको सबल नेतृत्वमा हासिल गर्ने निधो गरेका छौं, त्यसका लागि अग्रगमनको गतिमा हाम्रा प्रचुर साधना र ऊर्जा आवश्यक हुन्छ । यसका लागि सहभागीहरूवाट समेत पूर्ण प्रतिबद्धताको  अपेक्षा गर्दछु ।
- नेपालको फौजदारी न्याय प्रणालीका सन्दर्भमा न्याय सम्पादन नेपाल प्रहरी, महान्यायधिवक्ताको कार्यालय तथा न्यायालयको सह र बिशिष्ट भूमिकाबाट मात्र संभव हुन्छ । अपराध अनुसन्धान, अभियोजन र न्याय निरुपणमा क्रमशः नेतृत्वदायी भूमिकामा रहेका यी निकायहरू बीचको आपसी समन्वय र सहयोगमा मात्र आम नागरिकहरुले राज्यबाट हुने निष्पक्ष न्याय सम्पादन र दण्डहीनताको अन्तको अनुभव गर्न सक्छन् । निकायगत रुपमा हामी एक अर्काप्रति यस अर्थमा पारस्परिक रुपमा “सह-अस्तित्व” को पक्षपाती हुनुपर्दछ ।
- “सह अस्तित्व” कुनैपनि अर्थमा कार्यगत स्वतन्त्रताको बाधक हुनु हुँदैन यो त ब्यावसायिक सम्बन्धको मानक हुनुपर्छ । हाम्रा निकायगत सम्बन्धहरु सम्मानजनक रुपमा सहिष्णु र सदभावपूर्ण हुनुपर्छ । जिम्मेवारीको लक्ष्मणरेखामा सीमित हुनु र निकायगत रुपमा निर्दृष्ट कार्यप्रति अर्जुनदृष्टि राखी कृयाशील रहनु दगिो सहकार्यका आधारहरु हुन् । हामी आफूमा यस बिषयमा स्पष्ट हुन सकेको खण्डमा न्याय प्राप्तिको बाटो अझ चौडा हुने कुरा यहाँ उल्लेख गर्न चाहन्छु ।
- नेपालको फौजदारी न्याय प्रणालीमा अपराध अनुसन्धानको प्रस्थान बिन्दु प्रहरीको जिम्मेवारीको क्षेत्र भएकोले अनुसन्धानको सफल सम्पादन हाम्रो चासो र प्राथमिकता हो । हाम्रो भूमिका अनुसन्धानका सन्दर्भमा ‘सन्तुलित’ होइन ‘निष्पक्ष’ हुनुपर्छ, ‘बिबेकसम्मत’ होईन ‘कानूनसम्मत’ हुनुपर्छ । आम नागरिकले कतिपय अबस्थामा हामीवाट बिबेकसम्मत निर्णयको अपेक्षा गरेका हुन्छन्, जुन कानुनीरुपमा सम्भव छैन । यस सम्बन्धमा पनि यस सम्मेलनमा विचार मन्थन हुन सके आगामी दिनमा पद्धति निर्माणमा सहयोग पुग्ने देखिन्छ ।
- राज्यको उपस्थिति आम नागरिकहरुको न्यायसँगको पहुँच कति सहज छ वा झण्झटिलो छ ? त्यसमा प्रतिबिम्बित हुन्छ । यस अर्थमा हाम्रा प्रयासहरुको सिधा र सोझो सम्बन्ध कल्याणकारी राज्यको प्रभावकारितासँग प्रत्यक्षतः जोडिएको हुन्छ । हामीले गर्ने व्यावसायिक कार्यले राज्यको गर्विलो छवि निर्माण हुने जति सम्भावना हुन्छ त्यत्तिकै गैर व्यावसायिक कार्यले हाम्रा सतत् प्रयासहरु शेषरहित शून्यमा पुग्ने उत्तिकै संभावना हुन्छ । पेशागत प्रकृति हेर्दा हाम्रा लागि छुट्टै उतिर्णाङ्क हुँदैन, हाम्रा लागि उतिर्णाङ्क र पूर्णाङ्क एउटै हुने गरेको तथ्य पनि म यहाँ स्मरण गर्न चाहन्छु ।

- करिव दुई बर्ष अगाडि मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) संहितालाई कार्यान्वयनमा हामीले ल्यायौं । तत्कालीन परिस्थितिमा यसको कार्यान्वयनमा यथेष्ठ शंका पनि व्यक्त गरिएको थियो । परन्तु नेपाल प्रहरी र महान्याधिवक्ताको कार्यालयको आपसी सहकार्य, समन्वय र कार्यान्वयनप्रतिको अठोटले आज हामी गौरव गर्न सक्ने अबस्थामा आइपुगेका छौं । यस्ता सम्मेलनहरुमा ती पक्षहरुको बृहत् समीक्षा हुनु जरुरी छ र नागरिकको हितमा समय सापेक्ष सुधारको समग्र प्रयास पनि जरुरी छ ।
- यस बर्षलाई आधार मान्ने हो भने नेपाल प्रहरीबाट अपराध अनुसन्धानमा दीर्घकालीन प्रभाव पार्ने र आगामी दिनमा दृष्टान्तको रुपमा उद्दरण गर्न सकिने राष्ट्रिय महत्व र सार्वजनिक सरोकारका विषयहरुमा अनुसन्धान भएको छ। यसले "बाह्र बर्षमा खोला पनि फर्कन्छ" भन्ने सामजिक मान्यतालाई कायम राख्न र "ठूलालाई चैन" भने सामाजिक व्यङ्गलाई भत्काउने काम समेत गरेको छ। यसका लागि अनुसन्धानकर्ताहरुको मिहिनेत र सरकारी वकीलहरुबाट प्रदर्शित व्यावसायिकताको पनि म प्रशंसा गर्न चाहन्छु ।
- हामीले प्रदान गर्ने सेवाको केन्द्रमा "आम नागरिक" हुनुपर्छ भन्ने सामान्य तर शाश्वत सत्य दशकौं अगाडि स्थापित भएको हो तर यसलाई चरितार्थ गर्नका लागि झण्डै १५ महिना अगाडि देशव्यापी रुपमा प्रारम्भ गरिएको सामुदायिक प्रहरी साझेदारी कार्यक्रमबाट अथक प्रयास भएको छ । यो कार्यक्रमले नेपाल प्रहरीलाई करिब ९० लाख जनसंख्या माझ योजनाबद्ध रूपमा समुदाय र विद्यालय केन्द्रित कार्यक्रमहरुको माध्यमबाट जोडेको छ भने यस अवधिमा समुदाय र प्रहरीको सम्बन्धलाई संस्थागत गर्नका लागि ७५३ स्थानीय तह र त्रिभुवन विश्वविद्यालयसँग समेत औपचारिक समझदारी (Memorandum of Understanding) गरिएको छ। हालसम्म जिल्ला, पालिका, वडा, टोल र विद्यालयतहमा समेत गरी कुल २४,४८४ साझेदारी समितिहरु गठन भई क्रियाशिल रहेका छन् । विशेषतः लैङ्गिक हिंसा बिरुद्ध शून्य सहनशलिताको नीति अवलम्बन गर्दै समुदाय र सामाजिक संघ संस्थाहरुको सहकार्यमा ५,५३९ लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिहरु गठन भइसकेको तथ्य स्मरण गर्दै आगामी दिनमा यस प्रयासले सुखद परिणाम ल्याउने कुरामा बिश्वास गर्न सकिन्छ ।
- यसै गरी महान्यायाधिवक्ताको कार्यालयले पनि "हेलो साक्षी", "समुदायमा सरकारी वकिल" जस्ता कार्यक्रमहरुबाट समुदायमा जनचेतना अभिवृद्धि गरिरहेको सन्दर्भमा मिति २०७६ मंसिर ४ गतेबाट "समुदाय-प्रहरी साझेदारी" र "समुदायमा सरकारी वकील" कार्यक्रम साझा रुपमा कार्यान्वयन गर्ने पहल गरेको छ। यो स्वागतयोग्य रहेको छ । यस्ता कार्यक्रमहरूको सहआयोजनाबाट समुदायमा फौजदारी न्याय प्रणालीप्रति साझा दृष्टिकोण र सेवा प्रवाहमा प्रभावकारिता आउने अपेक्षा राख्न सकिन्छ ।
- कानून कार्यान्वयनका सन्दर्भमा चुनौतीहरु स्वभाविक हुन्छन्, अपेक्षित दीर्घकालीन प्रभाव र तत्कालीन कानूनी चेतनाको बीचमा रहेको भेदले कानून कार्यान्वयनलाई

थप जटिल बनाउने गर्छ । यसका अतिरिक्त सामाजिक आचरणमा आएको परिवर्तन र पुस्तान्तरणमा देखिएको फरक धारले पनि आगामी दिनलाई थप चुनौतीपूर्ण बनाउँछ नै, यी सबैको समाधान भनेको नियमित समीक्षा र तद् अनुसारको सुधार नै हो । यस्ता सम्मेलनहरु यस कारण पनि महत्वपूर्ण हुन्छन् ।

- "सबुद सिर्जना गरिँदैन संकलन गरिन्छ" भन्ने तथ्यलाई स्थापित गर्न नेपाल प्रहरीले बैज्ञानिक अनुसन्धान प्रणालीको विकास र बिस्तारलाई प्राथमिकतामा राखेको छ । यसका लागि विधिविज्ञान प्रयोगशाला, Digital Forensic बिद, पोलिग्राफ सेवा, Video Conference System, SoCO Van, Interview Room, Canine School इत्यादिको विकेन्द्रीकरण र क्षमता अभिवृद्धिका लागि योजनाहरू निर्माण गरी कतिपय कार्यान्वयनका चरणहरूमा छन् । यसै गरी ३ वर्षीय २०७५/७८ का लागि अपराध कार्य योजना (CAP) तर्जुमा गरी लागू गरेका छौं ।
- महान्यायाधिवक्ताको कार्यालयको बार्षिक प्रतिवेदन, २०७५ लाई आधार मान्दा पनि हाम्रा यी प्रयासहरू परिणाममुखी देखिन्छन् । फौजदारी मुद्दाहरूमा कसूर ठहर भएको प्रतिशत दर विगत वर्षका अनुपातमा ४% अधिक रहेको छ । यस तथ्याङ्कले अपराध अनुसन्धान बस्तुनिष्ठ, प्रमाणमुखी र थप व्यवसायिक भएको तर्फ ईंगित गर्दछ ।
- अपराध न्युनीकरणका लागि अभियुक्त तथा दण्ड सजाय भुक्तान गरिसकेका व्यक्तिहरुलाई हेर्ने हाम्रो मनो(सामाजिक दृष्टिकोणमा परिबर्तन जरुरी हुन्छ । हाम्रा कारागारहरु अझै पनि सुधार गृह हुन सकेका छैनन् । भौतिक रुपमा दुरुह यस्ता कारागारहरुमा तत्काल सुधार हुन सकेको खण्डमा आगामी दिनहरुमा 'पटके अपराध' का घटनाहरुमा उल्लेख्य ह्रास आउन सक्थ्यो भन्ने हाम्रो ठम्याइ हो ।

अन्तमा, यस प्रकारको दीर्घप्रभावी सम्मेलनमा समुपस्थित रहनु भएका सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर जवराज्यू प्रति पुनः कृतज्ञता जाहेर गर्दछु । साथै माननीय मन्त्रीज्यूहरू लगायत उपस्थित विशिष्ट व्यक्तित्वहरूलाई समेत स्वागत गर्न चाहन्छु । साथै यस सम्मेलनबाट फौजदारी न्याय प्रणालीका पद्धतिहरूलाई समय सापेक्ष रूपमा अद्यावधिक गर्न सहयोग पुग्ने पृष्ठपोषण प्राप्त होस् भन्ने कामना गर्दै सम्मेलनबाट निस्कने निष्कर्ष कार्यान्वयनमा नेपाल प्रहरीको भूमिका पहिचान भएकामा त्यसप्रति पूर्व प्रतिबद्धता जाहेर गर्दै बिदा हुन्छु ।

धन्यबाद,

जय नेपाल !!

## परिच्छेद - दुई

## समापन समारोह

### ५. प्रमुख अतिथि माननीय गृह मन्त्री श्री रामबहादुर थापाज्यूबाट भएको सम्बोधन

**समारोहका अध्यक्ष माननीय महान्यायाधिवक्ताज्यू,**

**समापन समारोहका विशिष्ट अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीशज्यू,**

**माननीय मन्त्रीज्य, सम्मेलनका सहभागी सरकारी वकील र नेपाल प्रहरीका अधिकृतहरू, पर्यवेक्षकहरू, पत्रकारहरू, उपस्थित भद्र महिला तथा सज्जनबृन्द ।**

"व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार" भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समापन कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य राख्ने अवसर प्रदान गरिदिनु भएकोमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राज्य शासनको सक्षमता न्याय प्रशासनको सबलतासँग गासिएको हुन्छ । नागरिकको राज्यप्रतिको भरोसा समेत कानूनको प्रभावकारिताले बृद्धि गराउँदछ । राज्यमा विकास निर्माण र नागरिक स्वतन्त्रताको प्रत्याभूतिका लागि समेत कानूनको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ । कानुन कार्यान्वयन गर्ने निकायको प्रभावकारितामा कानुनको शासन अडेको मानिन्छ । कानुनी शासन कायम गर्नका लागि अपराध अनुसन्धान र अभियोजन मार्फत कानुन उल्लंघनकर्तालाई कानुनको दायरामा ल्याउन जरुरी हुन्छ । राज्यमा शान्ति सुरक्षा प्रदान गर्न, मुलुकमा कानुनी शासनको प्रत्याभूति दिन, दण्डहीनताको अन्त्य गर्न, स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नागरिकको हक संरक्षण गर्न फौजदारी न्याय प्रशासन अपरिहार्य हुन्छ ।

राज्यले कानुन मार्फत निषेध गरेका क्रियाकलापहरु समाजमा घट्न नदिन र घटेका घटनालाई कानुनी दायरामा ल्याई कसूरदारलाई तोकेको सजाय र पीडितलाई संरक्षण गर्ने कार्यमा अभियोजनकर्ता सरकारी वकीलहरु र अनुसन्धानकर्ता नेपाल प्रहरी फौजदारी न्याय प्रशासनका मुख्य अवयवको रुपमा रहेका छन् । यी निकायहरुको सक्षमता, प्रभावकारिता र सबलतामा नै राज्यमा शान्ति सुरक्षा कायम गर्न, कानुनी शासनको प्रत्याभूति दिन, दण्डहीनताको अन्त्य गर्न, नागरिकको हक संरक्षण गर्न, पीडितलाई न्याय प्रदान गर्न संभव हुन्छ ।

विज्ञान र प्रविधिको विकास, सञ्चार माध्यममा अएको परिवर्तन, यातायातको साधनको सहजता आदिले अपराध अनुसन्धान र अभियोजनमा जटिलता ल्याएको छ, चुनौती थपेको छ । अपराध गर्ने शैली, विधि, प्रकृया र पद्धति तथा अपराधमा संलग्नता, अपराधीले प्रयोग

गर्ने प्रविधि र उपस्थिति एवं त्यसको प्रभाव क्षेत्र आदि समेतमा पनि परिवर्तन हुँदै आएको छ। भौतिक उपस्थिति विना अपराधमा संलग्नता रहने र एक देशमा रही अर्को देशमा अपराध गर्न सकिने विद्यमान अवस्थामा परम्परागत शैलीको अनुसन्धान र अभियोजन प्रभावकारी हुन सक्दैन । त्यसका लागि विषयगत रुपमा अनुसन्धान गर्ने विशिष्टीकृत अनुसन्धान अधिकृत तयार गर्नु पर्ने आवश्यकता छ। भौतिक सबुद प्रमाणको परीक्षणका लागि स्वायत्त प्रयोगशालाको स्थापना र विस्तार हुनु पर्दछ।

समयको परिवर्तनसँगै देखा परेका जटिलता, चुनौतीहरुलाई अवसरको रुपमा लिई सामना गर्नु पर्दछ।  त्यसका लागि राज्यका अनुसन्धान र अभियोजन गर्ने निकायहरु सक्षम र सबल हुन जरुरी छ। अपराध नियन्त्रण र कानुनी दायरामा ल्याउन स्थापित संगठन, तिनका संरचना तथा जनशक्तिहरु पनि सोही अनुसार विकसित र सक्षम हुनु जरुरी हुन्छ। जटिलता र चुनौतीसँग जुध्नका लागि कुनै निकाय वा व्यक्तिको एक्लो प्रयास र सक्रियताले सम्भव छैन। त्यसका लागि साझेदार निकायहरु बीच आपसी सहयोग र समन्वय उत्तिकै आवश्यक हुन्छ। साथै समय अनुकूलका आवश्यक कानुन, पूर्वाधार, जनशक्तिको व्यवस्था तथा उनीहरुको दक्षता र क्षमतामा अभिवृद्धि गर्नु पनि जरुरी हुन्छ। मुलुकी संहिताहरु तथा नवीनतम् कानुन र त्यसका कानूनी प्रबन्धका बारेमा सर्वसाधारणलाई जानकारी दिने र अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको अपराध नियन्त्रण र फौजदारी न्याय प्रशासनमा रहेको जिम्मेवारीका सम्बन्धमा जानकारीमूलक कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । यसबाट कानुनको कार्यान्वयन र पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्न मद्दत पुग्दछ।

अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीललाई राज्यले प्रदान गरेका जिम्मेवारीहरु व्यावसायिक प्रकृतिका छन्। ती जिम्मेवारीहरुलाई प्रभावकारी ढङ्गले निर्वाह गर्न सोही प्रकृतिको दक्षता, क्षमता, व्यावसायिक आचरण र लगनशीलताको आवश्यकता पर्दछ। यसका लागि यी संस्थाहरुमा आवश्यक जनशक्तिको प्राप्ति र प्राप्त जनशक्तिको संरक्षण र उनीहरुको मनोबल उच्च हुने गरी स्रोतसाधनको उपलब्धता, कार्य वातावरण, जनशक्ति विकास योजना लागू गर्न नेपाल सरकार प्रतिबद्ध छ । साथै कार्यरत जनशक्तिमा प्राप्त प्रविधिको उपयोग, अवलम्बन र सकारात्मक सोचका साथ कार्य संस्कृति हुनु जरुरी छ। यी निकायहरुलाई राज्यले अपेक्षा गरेको तथा संविधान र कानुनले सुम्पिएको दायित्व निर्वाह गर्न आवश्यक पर्ने समयानुकूल भौतिक स्रोत र साधन उपलब्ध गराउने, संस्थागत विकास गर्ने विषयलाई सरकारले उच्च प्राथमिकता प्रदान गर्नेछ। यसबाट नेपाल प्रहरी र सरकारी वकीलको व्यावसायिक दक्षता अभिवृद्धि गर्दै अनुसन्धान तथा अभियोजन कार्यको स्तर वृद्धि हुने, अपराध नियन्त्रण र अपराधीलाइ कानुनी दायरामा ल्याई जनताको राज्यप्रतिको भरोषा बढ्ने र विकास निर्माणले गति लिने अपेक्षा रहेको छ।

अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको यस सम्मेलनले यी दुई निकाय बीच कार्यात्मक सहकार्य र समन्वय बढाउन कोशेढुंगा सावित हुने अपेक्षा गरेको छु । यस सम्मेलनमा अपराध अनुसन्धान र अभियोजनको विद्यमान अवस्था, देखिएका समस्या, चनौतीको

समीक्षा, अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको कार्यात्मक समन्वय, अनुसन्धानर्ता र अभियोजनकर्ताको क्षमता अभिवृद्धि तथा व्यावसायिकताको विकास, फौजदारी न्यायप्रणालीको सुदृढीकरण आदि सान्दर्भिक विषयमा कार्यपत्र प्रस्तुति र सहभागीहरुबाट भएका छलफल तथा विषयविज्ञद्वारा भएका महत्वपूर्ण टिप्पणीबाट प्राप्त निष्कर्षले निष्पक्ष, वस्तुनिष्ठ र प्रभावकारी अनुसन्धान तथा अभियोजन गर्न तथा फौजदारी न्याय प्रशासनको आधुनिकीकरण र सुदृढीकरण गर्न सहयोग पुग्ने आशा लिएको छु । फौजदारी न्याय प्रशासनका मुख्य अवयवहरु बीच समन्यव र सहकार्यका लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयले निरन्तरता दिएको यो संयुक्त अभियान अत्यन्तै आवश्यक र सह्रानीय छ ।

अन्त्यमा "व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार" भन्ने मूल नाराका साथ संचालन भएको अनुसन्धानकर्ता नेपाल प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट प्राप्त निष्कर्षले फौजदारी न्याय प्रशासनको सुदृढीकरण, कानुनी शासन कायम गर्न र मानव अधिकारको संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गर्दछु ।

धन्यवाद !

## ६. सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूबाट भएको सम्बोधन

“व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार” भन्ने मूल नाराका साथ संचालन भएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा आमन्त्रण गरी मन्तव्य राख्ने अवसर प्रदान गरेकोमा आयोजकहरुप्रति आभार प्रकट गर्न चाहन्छु ।

अनुसन्धान र अभियोजन फौजदारी न्याय प्रशासनको महत्वपूर्ण पक्ष हो । अनुसन्धान र अभियोजन बीच एक प्रति अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । अनुसन्धानकर्ता र अभियोजनकर्ताको समन्वयात्मक कार्यबाट सकारात्मक परिणाम आएका छन् । त्यसलाई सकारात्मक रुपमा लिन सकिन्छ । हामी सबैको लक्ष्य न्याय प्रदान गर्नु हो । संविधान र कानूनको सफल कार्यान्वयन नै हाम्रो सामूहिक उद्देश्य हो । समाजले पनि न्याय दिने सबालमा सहयोग गर्नु पर्दछ । साक्षीहरुले अदालतमा मौकाको भनाइ विपरीत बकपत्र गर्दा न्यायिक निष्कर्षमा पुग्न कठिन हुन्छ । फौजदारी न्याय प्रशासन प्रति केही गुनासा पनि रहेका छन् । निर्दोष व्यक्ति पनि थुनिएको र दोषी व्यक्ति कानूनी दायरामा आउन नसकेको भन्ने गुनासा गरेको सुनिन्छ । त्यसलाई गम्भीर रुपमा लिनु पर्दछ ।

जाहेरी दरखास्त, अनुसन्धानको क्रममा शंकित व्यक्तिले गर्ने बयानले मात्र प्रमाणको आकार ग्रहण गर्न सक्दैन । वैज्ञानिक सबुद प्रमाणको खोजी गर्नु जरुरी छ । अनुसन्धानको क्रममा अदालतबाट म्याद थप गर्दा आधार र कारण खोल्नु पर्नेमा अदालतहरु पनि सो दिशामा जान सकेको देखिदैन । अनुसन्धान भएका सबै मुद्दामा अभियोजन अभियोजन गर्नु पर्ने हुँदैन । मुद्दा चलाउने र पुनरावेदन गर्ने सम्बन्धमा पुनर्विचार गर्नु पर्ने अवस्था छ ।

मुलुकी संहिताहरु कार्यान्वयन आएका छन् । कार्यसम्पादनको क्रममा देखिएका व्यावहारिक समस्याहरु समाधान गर्ने र कानूनमा नै सम्बोधन गर्नु पर्नेमा कानून परिमार्जन गर्दै अगाडि बढ्नु पर्दछ । हामी बीच देखा परेका चुनौतीहरुलाई सामना गर्दै अगाडि बढ्नु पर्दछ । यस बृहत् सम्मेलनले कार्यविधिगत समस्याहरु समाधान गर्न सहयोग पुगेको महसुस गरेको छु । यस प्रकृतिको सम्मेलन आयोजना गरेकोमा दुवै संस्थाहरुलाई बधाई दिनु चाहन्छु । प्रस्तुत सम्मेलनमा पेश भएका कार्यपत्र, छलफल तथा टिप्पणीबाट महत्वपूर्ण निष्कर्ष निकालिएको अवस्था छ । निष्कर्षको रुपमा पारित घोषणापत्रलाई कार्यान्वयन गर्नु पर्दछ ।

## ७. माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूबाट भएको सम्बोधन

महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट तयारी गरी नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सफल भएका छौं । यस प्रकृतिको सम्मेलनको आयोजना गर्ने सोच बनाउनु हुने दुवै संस्थाका अग्रजप्रति यस अवसरमा आभार प्रकट गर्न चाहन्छु । "व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार" भन्ने मूल नाराका साथ सम्मेलन संचालन गरिएको हो । सो विषयमा केन्द्रित भई विभिन्न विषयवस्तुहरु छनौट गरी कार्यपत्रहरु प्रस्तुति र छलफल समेत गरेका छौं । विभिन्न समूहमा विभाजन भई सम्मेलनमा प्रस्तुत भएका कार्यपत्रहरु उपर समूहगत छलफल पश्चात् निष्कर्षको रुपमा ३३ बुँदे घोषणापत्र जारी भएको छ । घोषणापत्रमा उल्लेख गरिएका विषयहरुलाई कार्यान्वयन गरेर अगाडि बढ्नु पर्दछ ।

यस सम्मेलनमा अनुसन्धानकर्ता प्रहरी अधिकृतहरु, अभियोजनकर्ता सरकारी वकीलहरु सहभागीको रुपमा तथा विभिन्न निकायका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा प्रत्यक्ष रुपमा सहभागी भएको अवस्था छ । यसैगरी छलफल सत्रको अध्यक्षता तथा टिप्पणीकर्ताको रुपमा माननीय न्यायाधीश तथा न्याय क्षेत्रका विज्ञहरुको उपस्थिति यस सम्मेलनमा रहेको थियो । न्याय क्षेत्रको यो उपस्थिति अनुसन्धानकर्ता र अभियोजनकर्ताको मात्र नभई समग्र उपस्थिति हो । यसरी न्याय क्षेत्रका सबै सरोकारवाला पक्षहरु सहभागी भई व्यापक छलफल गरेका छौं । यस सम्मेलनलाई हामीले साझा सम्मेलनको रुपमा लिएका छौं । मुलुकी संहिताहरु कार्यान्वयनको १६ महिना व्यतित हुँदै गर्दा आयोजना भएको यस सम्मेलनबाट हामीले कार्यसम्पादनको क्रममा भोगेका समस्याहरुलाई उजागार गरेका छौं । कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुलाई समाधान पनि हामीले नै गर्ने हो । समस्या पनि हो, समाधान गर्ने तत्परता पनि छ भने समाधान पनि हामीले नै गर्न सक्छौं ।

"सानालाई ऐन, ठुलालाई चैन" भन्ने सोचलाई अब हामीले बदल्नु पर्दछ । ऐन कानून सबैका लागि हो । यो सबैलाई बराबर लागू हुनु पर्दछ । अब सबैलाई ऐन र सबैलाई चैन भन्नेतिर जानु पर्दछ । संविधान र कानूनमा लेखिएको प्रबन्धहरु व्यवहारमा रुपान्तरण गर्नु पर्दछ । हाम्रो प्रयत्न त्यस दिशातर्फ अगाडि बढेका छन् । केही गर्व गर्न लायक कार्यहरु हामीले गरेका छौं । अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलले जुन काम गरेका छन् त्यो बधाइयोग्य कार्य हो । कुनै दवाव, प्रभावभन्दा बाहिर गई हामीले काम गर्नु पर्दछ । संविधान र कानून अनुसार हामी चल्नु पर्दछ । यसले कानूनी शासन कायम गर्न मद्दत गर्दछ । दबाव, प्रभावमा रही हामीले काम गर्‍यौं भने कसैले हामीलाई सहयोग गर्दैन । बचाउ पनि कसैले गर्न सक्दैन । हामीलाई संविधान र कानूनले मात्र सहयोग गर्दछ र बचाउ गर्दछ । हामी संविधान र कानून बमोजिम शपथ खाएका पदाधिकारीहरु सोही बमोजिम कार्य गर्नु पर्दछ र जिम्मेवारी बहन गर्नु पर्दछ ।

मुद्दा चलाउने र नचलाउने सबालमा हामीले केही सुधार गर्नु पर्ने अवस्था देखिन्छ । तथ्य र घटना नबुझी मुद्दा मात्र अगाडि बढाउनु हुँदैन । Non Prosecution को संख्या हाम्रोमा कम रहेको छ । उजुर परेपछि मुद्दा चलाउने व्यवहार अन्त्य गर्नु पर्दछ । जाहेरी परेपछि दर्ता गर्नु पर्दछ तर काल्पनिक, झुठ्ठा जाहेरी परेको छ भने तामेलीमा राखी अगाडि बढ्न सकिन्छ । हामीले समाजलाई समेत परिवर्तन गर्नु पर्दछ । समाजलाई हामी कतै अपराधीकरण गर्दै लगेका त छैनौं । वैयक्तिक लेनदेनलाई समेत अपराधको रुपमा लिई मुद्दा चलाएको अवस्था त छैन । त्यसतर्फ विशेष संवेदनशील हुनु पर्ने अवस्था छ ।

समाजमा रहेका कुप्रथाहरु गैरकानूनी छन् । ती कार्यहरुलाई कसूरजन्य कार्यको रुपमा परिभाषित गरिएको छ । कानून भए पनि त्यस्ता कुप्रथाहरु समाजमा देखिएका छन् । सामाजिक कुप्रथाहरु उन्मूलन, निवारण गर्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिएको छ । तथापि कुप्रथाहरु देखिएका छन् । छाउपडीका नाममा महिलाहरु पीडित भएका छन् । समन्वय समितिले त्यसलाई सम्बोधन गर्ने प्रयास गरेको छ । कुप्रथाहरुका प्रभाव रहेका क्षेत्रहरुमा कानून कार्यान्वयन गर्ने दिशामा हामी समन्वयात्मक रुपमा अगाडि बढेका छौं ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ को कानूनी व्यवस्थाबाट अनुसन्धानकर्ताहरुले असुरक्षित महसुस गरेको देखिन्छ । असल नियतले गरेको काममा सजायको भागिदार बन्नु पर्ने अवस्था हुँदैन । मुलुकी संहिताहरुले ल्याएका नयाँ विषयहरुलाई हामीले कार्यान्वयन गर्न सकेका छैनौ । दाबीको छुट सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वयनमा लैजान सक्यौ भने फौजदारी मुद्दाको सफलता बढ्दछ । कानून व्यवसायीहरुले समेत यसलाई गम्भीर रुपमा लिनु पर्दछ । अनुसन्धानको लागि पक्राउ परेको व्यक्तिलाई कानून व्यवसायीसँग भेटघाट गर्न दिनु पर्दछ । तर कानून व्यवसायीले पनि सही रुपमा कानूनी परामर्श दिनु पर्दछ । कानून व्यवसायीले दाबीको छुटको सुविधा पाउने व्यवस्था र शंकित व्यक्तिको भूमिकाका बारेमा परामर्श दिनु उपयुक्त हुन्छ ।

अन्त्यमा, हामीले संविधान र कानूनले सुम्पिएको जिम्मेवारी इमान्दारीपूर्वक बहन गरौं । भरसक राम्रो काम गरौं । पश्चाताप हुने गरी कार्य नगरौं । सम्मेलनमा हामी सहभागी भयौं । सम्मेलनको निष्कर्षको रुपमा ३३ बुँदे घोषणापत्र जारी गरेका छौं । सो घोषणापत्रमा धेरै विषय वस्तुहरु समावेश भएका छन् । ती घोषणापत्रमा उल्लेखित विषय वस्तुहरुलाई कार्यान्वयन गरिनेछ । सम्मेलन सम्पन्न गर्न सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिन चाहन्छु । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन समापन भएको घोषणा गर्दछु ।

## ८. नेपाल बार एशोसिएशनका महासचिव श्री लीलामणि पौडेलज्यूबाट भएको मन्तव्य

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा मन्तव्य राख्ने अवसर प्रदान गर्नु भएकोमा आयोजक दुवै संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु। "व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार" भन्ने यस मूल नारा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुले व्यवहारमा रुपान्तरण गर्न सकेमा धेरै समस्याहरु हल हुन्छन् ।

फौजदारी न्याय प्रशासनको मुख्य अवयवमा नेपाल बार एशोसिएसन पनि एक हो । मुलुकी संहिताहरु अनुसार हामीले कार्य सम्पादन गर्दा केही समस्याहरु, त्रुटिहरु भए पनि अभ्यासहरु सकारात्मक नै रहेका छन् । पहिला सुन र अनि थुन भन्ने भनाइलाई व्यवहारमा उतार्नु पर्दछ । तीन जना भन्दा बढी व्यक्ति संलग्न भएको आशंकामा नै संगठित अपराधमा अनुसन्धान र अभियोजन गर्ने गरिएको छ । संगठित अपराध निवारण ऐन, २०७० को प्रयोग ऐनको भावना अनुरुप हुन सकेको छैन । भौतिक प्रमाणको संकलन र परीक्षण गर्ने गर्ने कार्यमा अनुसन्धानकर्ता बढी संवेदनशील हुनु पर्दछ । फौजदारी न्याय प्रशासनलाई अनुत्पादक क्षेत्र मानी बजेट न्यून विनियोजन गर्नु हुँदैन । यस सम्मेलनबाट निष्कर्षको रुपमा आएका घोषणापत्रको कार्यान्वयनको अपेक्षा गर्दछु ।

## ९. नेपाल प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूले गर्नुभएको धन्यवाद ज्ञापन

**यस कार्यक्रमका सभापति माननीय महान्यायाधिवक्ता अग्नि प्रसाद खरेलज्यू,**

**प्रमुख अतिथि माननीय माननीय गृहमन्त्री रामबहादुर थापा "बादल"ज्यू,**

**सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यू**

**नेपाल सरकारका श्रीमान सचिवज्यूहरू,**

**नेपाल बार एसोसियसनका महा–सचिवज्यू,**

**उपस्थित सम्पूर्ण विशिष्ट महानुभावहरू,**

**सहभागी सरकारी अभियोजनकर्ता र अनुसन्धानकर्ताहरू,**

**संचारकर्मी मित्रहरू ।**

- नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको तीन दिवसीय दोश्रो राष्ट्रिय सम्मेलनको समापनको अवसरमा हाम्रो आमन्त्रण स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि माननीय गृहमन्त्री श्री रामबहादुर थापा 'बादल' प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै सारगर्भित मन्तव्यको लागि आभार व्यक्त गर्दछु ।
- यसै गरी हाम्रो आमन्त्रणलाई महत्वका साथ स्वीकार गरी पाल्नु हुने बिशिष्ट अतिथिज्यूहरुमा पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आयोजक र सहभागी सम्पूर्ण अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरूको तर्फबाट यहाँहरुको यो उपस्थिति हाम्रा लागि प्रेरणास्पद रहेको निबेदन गर्न चाहन्छु ।
- समापनको अबसरमा यस कार्यक्रमको उपादेयताको बारेमा चर्चा गरिनु सान्दर्भिक हुन्छ नै । सहभागीहरुका बीचमा तीन दिनसम्म भएका गहन अनौपचारिक छलफल र विषयगत मन्थनले थोरै समयमा नै न्याय सम्पादनका लागि उल्लेख्य र यथार्थ पृष्ठपोषणहरू प्राप्त भएका छन् । यस्ता पृष्ठपोषणहरूले आगामी दिनहरूमा हाम्रा विधि प्रकृयालाई स्पष्ट पार्दै अन्ततः कानूनको संशोधनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । यो नै यस सम्मेलनको सवैभन्दा सार्थक र महत्वपूर्ण उपलब्धि हो ।
- यसका अतिरिक्त सम्मेलनको फलदायी परिणामका कारण कानून कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र व्यबहारिक कठिनाईहरु सतहमा देखापरेका छन्, अबका दिनमा संस्थागत प्राथमिकता निर्धारण गर्न यी विषयहरू महत्वपूर्ण हुन्छन्, यसरी पहिचान गरिएका समस्या तथा कठिनाइहरु प्रति संस्थागत समाधानको पहल पनि निश्चय नै हुन्छ । यस विषयमा महान्यायधिवक्तकाको कार्यालय र नेपाल प्रहरीबीच थप सहकार्य आबश्यक भए त्यसमा पनि पहल हुनेछ भन्ने बिश्वास दिलाउन चाहन्छु र संस्थागत प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु ।

- हाम्रो यो अभ्यास अन्य अवयवहरूका लागि पनि उदाहरणीय रहेको छ । फौजदारी न्यायको उद्देश्य प्राप्तिका लागि सरोकारवाला निकायहरू एकै थलोमा बसेर समस्या र समाधानका साझा उपाय पहिचान गर्नु साँच्चै नै उन्नत संस्कार हो । हामीले पहिलो सम्मेलनलाई एकपटक फर्केर हेर्दा त्यसबाट केही उल्लेख्य नतिजा पाउन सफल भएका छौं । सम्मेलन आयोजना पश्चातका वर्षहरूमा फौजदारी मुद्दामा ठहरको प्रतिशतमा वृद्धि भएको छ, कार्यविधिगत रूपमा अस्पष्ट भएका विषयहरू चिर्ने काम भएका छन् र कानूनका सारभूत र कार्यविधिगत प्रष्टताका लागि  आवश्यक संशोधन प्रकृया थालिएका छन् । यसर्थ  पनि यो जमघट र बौद्धिक मन्थन ज्यादै फलदायी र प्रभावकारी रहेको छ भन्ने मलाइ लागेको छ ।

- सम्मेलनका क्रममा विज्ञहरुवाट कार्यपत्र प्रस्तुतीकरण, प्रस्तुत कार्यपत्र माथिका टिप्पणी र व्यबहारिक निष्कर्षमा पुग्ने लगायतका कार्यहरु पनि भए जुन कार्यान्वयनयोग्य र स्मरणयोग्य रहेको व्यहोरा पनि जानकारी गराउन चाहन्छु । सहभागिहरु फर्केर कार्य क्षेत्र जानु हुँदा यसलाई Take a Way को रुपमा लानु हुनेछ र थप लगनका साथ कार्यान्वयनमा लाग्नु हुनेछ भन्ने हामीले अपेक्षा गरेको छौ ।

- यो सम्मेलन सहभागीहरूको बीचमा एक आपसलाई अझ राम्रोसँग चिन्ने र चिनाउने अबसरको रुपमा पनि यो सम्मेलन लिन सकिन्छ । यसले आगामी दिनमा न्याय निरुपण प्रकृयालाई थप सहज र गतिशील बनाउने छ र आवश्यक पर्दा त्यो अनौपचारिक संजाललाई व्यावहारिक कठिनाई सुल्झाउने साझा मञ्चको रुपमा प्रयोग गर्न सकिन्छ भन्ने  सुझाव दिन चाहन्छु ।

- उद्घाटन तथा समापन सत्रमा न्याय तथा सुरक्षा सेवाका प्रबुद्ध वर्गहरूबाट व्यक्त विचारहरू नि:सन्देह मननयोग्य छन् । सम्माननीय प्रधान न्यायाधीशज्यू, माननीय मन्त्रीज्यू, माननीय महान्यायाधिवक्ताज्यू लगायतबाट व्यक्त विचारहरूलाई सहभागीहरुबाट बिशेष चासोका साथ ग्रहण गरियो भन्ने मैले अपेक्षा गरेको छु । यसलाई आम नागरिकको सेवामा प्रयोग गर्न सकिएमा यो सम्मेलनको उपादेयता अझ बढने छ भन्ने मलाई लागेको छ ।

- आजको दिन आयोजनामा अहोरात्र खटिनु हुने महान्यायधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका होनहार अधिकृत तथा कर्मचारीहरूको कार्यको प्रशंसा गर्दछु । तीन दिनको सम्मेलनलाई सफलतापूर्वक समापनसम्म ल्याई पुऱ्याउन यहाँहरु झण्डै तीन महिनादेखि खटनु भएको छ । यसका लागि यहाँहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

- यसै गरी प्रस्तुति, टिप्पणी र अभिलेखीकरणमा सहभागी Resource Personalities, Experts हरु प्रति पनि आभार प्रकट गर्न चाहन्छु । हामी यी सबैलाई समावेश गरी सम्पूर्ण सम्मेलनको इतिवृत्ति सहितको पुस्तक तयार गर्ने छौं, जुन दीर्घकालसम्म सन्दर्भ सामाग्रीको रुपमा प्रयोग हुन सकोस् ।

- सहभागी मित्रहरू यहाँहरु तीन दिनदेखि काठमाडौंमा हुनुहुन्छ । अधिकांश मित्रहरूले यसलाई Work Balance को रुपमा पनि प्रयोग गर्नु भयो होला । यसबाट यहाँहरुमा उमङ्ग र ऊर्जा थपिएको होला, यसलाई कार्य क्षेत्रमा आवश्यक पर्ने विनम्र स्वभाव र लगनमा रूपान्तरण गर्न हुन पनि म आग्रह गर्न चाहन्छु । यहाँहरुको कार्यक्षेत्र प्रस्थान सुखद् रहोस् मेरो शुभकामना !

अन्तमा, तीन दिवसीय सम्मेलनको अन्तिम वक्ताको रुपमा उपस्थित हुँदा लामो मन्तव्य ग्राह्य हुँदैन भन्ने कुरामा सजग हुँदै पुनः एक पटक प्रमुख अतिथि माननीय गृहमन्त्रीज्यू लगायत विशिष्ट अतिथिज्यूहरूको गरिमामय उपस्थितिका लागि आभार प्रकट गर्दै बिदा हुन्छु ।

धन्यबाद

जय नेपाल !!

# परिच्छेद - तीन

# घोषणापत्र

## १०. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७६

**प्रस्तावना**

सार्वजनिक शान्ति र व्यवस्था नै न्यायको आधार हो भन्ने मान्यतामा विश्वास प्रकट गर्दै अपराध नियन्त्रणका लागि बनेका कानूनहरूको प्रभावकारी कार्यान्वयनमार्फत मुलुकमा कानूनको शासन स्थापना गर्ने संवैधानिक मूल्यप्रति उच्च प्रतिबद्धता प्रकट गर्दै, नेपालको कानून प्रणालीमा आधुनिकीकरण गर्ने उद्देश्यले निकै लामो समयको प्रयासपछि जारी भएका मुलुकी अपराध संहिता समेतका फौजदारी न्याय प्रशासनसँग सम्बन्धित कानूनहरूको प्रभावकारी कार्यान्वयन गरी समाजमा शान्ति, सुव्यवस्था, अमन चैन कायम गर्ने राज्यको जिम्मेवारीप्रति समर्पित रहदै, नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन, मुलकले प्रतिबद्धता प्रकट गरेका मानव अधिकारसम्बन्धी दस्तावेजहरु, स्वच्छ सुनुवाइ र फौजदारी न्यायका मान्य सिद्धान्तको पालना गरी वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन गर्ने कार्यमा अझ बढी उत्तरदायी भई क्रियाशील हुने बचनबद्धता प्रकट गर्दै, सुदृढ फौजदारी न्याय प्रशासनको माध्यमबाट मुलुकमा दण्डहीनताको अन्त्य गरी पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताले व्यावसायिक रुपमा कार्य सम्पादन गर्नु पर्ने र आपसी समन्वय र सहकार्यबाट मात्र वैज्ञानिक प्रमाणमा आधारित निष्पक्ष अनुसन्धान र अभियोजन सम्भव हुने मान्यतामा पुनः प्रतिबद्धता प्रकट गर्दै, नागरिक स्वतन्त्रताको संरक्षण गर्ने, पीडितको न्यायसम्मको पहुँच सहज बनाउने, समाजमा शान्ति सुव्यवस्था कायम राखी सभ्य समाज निर्माण गर्ने आधारभूत दायित्वलाई हाम्रो फौजदारी न्याय प्रणालीभित्र अझ बढी संस्थागत हुनुपर्दछ भन्ने मान्यतालाई केन्द्रमा राख्दै, नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित भएका प्रस्तावको कार्यान्वयनबाट फौजदारी न्याय प्रशासनमा सुधारका लागि मार्गदर्शन भएको र अपराध अनुसन्धान र अभियोजनमा समन्वय र सहकार्यको संस्कृति संस्थागत हुँदै आएको सकारात्मक अनुभव एवम् सिकाइलाई आत्मसात गरी उक्त घोषणापत्रमा समावेश भएका विषयप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै, सम्बत् २०७६ साल पुस ४ गतेदेखि ६ गतेसम्म आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी हामी सरकारी वकील र प्रहरी अधिकृतहरू यो घोषणापत्र जारी गर्दछौं ।

१. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरिदिनुभएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीशज्यू, समापन समारोहका प्रमुख अतिथि माननीय गृहमन्त्रीज्यू एवम् सम्मेलनमा आमन्त्रित विशिष्ट अतिथिज्यूहरूको गरिमामय उपस्थिति र अपराध अनुसन्धान तथा अभियोजन एवम् फौजदारी न्याय प्रशासनको सुधारका लागि उद्घाटन तथा समापन समारोहमा भएका सम्बोधनका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। सम्मेलनको उद्घाटन समारोह, समूहगत छलफल कार्यक्रम र समापन समारोहमा आमन्त्रित विशिष्ट पदाधिकारीहरुको उपस्थिति र अपराध अनुसन्धान र अभियोजनलाई मार्गदर्शन गर्ने दिशामा भएका सम्बोधनका लागि हार्दिक आभार प्रकट गर्दछौं । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको यो सम्मेलन आयोजनाका लागि माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यू र प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूप्रति यस सम्मेलनका सहभागी एवम् पर्यवेक्षकहरू हार्दिक आभार प्रकट गर्दछौं । यस सम्मेलन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी, संघ, संस्था, निकाय एवम् महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

२. वि.सं. २०७३ सालमा सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनबाट पारित भएको घोषणापत्रको कार्यान्वयनको समीक्षा गर्दै उक्त सम्मेलनले अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ता साझा रुपमा क्रियाशील हुने वातावरण विकास गरेको अनुभूत गर्दै त्यसपछि भएका प्रादेशिक सम्मेलनहरूले पारित गरेका घोषणापत्रको कार्यान्वयनबाट अपराध अनुसन्धान र अभियोजन कार्यमा समन्वय र सहकार्य विस्तार गरी कार्यसम्पादनमा थप सहज बनाएको महसुस गर्दछौं । ती सम्मेलनहरुबाट पारित भएका घोषणापत्रप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्दछौं । समन्वय र सहकार्यको सँस्कृतिलाई सँस्थागत गर्न यस्ता सम्मेलनहरुको निरन्तरता हुने विश्वास प्रकट गर्दछौं ।

३. लोकतान्त्रिक शासन व्यवस्थामा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता समेतका नागरिक स्वतन्त्रताको गहन मूल्य हुन्छ भन्ने मान्यतामा अगाध आस्था प्रकट गर्दै नागरिक स्वतन्त्रताको संरक्षण र सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने विषयलाई समन्वयपूर्वक अगाडि बढाउनु पर्ने राज्यको दायित्वप्रति सबै पक्षबाट सकारात्मक सहयोग पुग्नेछ भन्ने विश्वास प्रकट गर्दै अपराध अनुसन्धान र अभियोजनका क्रममा नागरिकका संविधानप्रदत्त मौलिक हकहरुको हनन् नहुनेतर्फ हामी सचेत, सजग एवम् प्रतिबद्ध रहेको पुनःस्मरण गराउन चाहन्छौ ।

४. नेपालको फौजदारी न्याय प्रणालीमा सारभूत परिवर्तन गर्दै निकै लामो समयको प्रयासपछि जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका फौजदारी कानूनको कार्यान्वयनमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील साझा रुपमा तत्परताका साथ क्रियाशील रहेका छौं । ती कानूनहरूले

आत्मसात गरेका व्यवस्थाहरुका बारेमा साझा रुपमा प्रशिक्षित हुने यस अवसरले कार्यसम्पादनमा सहयोग पुगेको अनुभव गर्दछौं ।

५. मुलुकी फौजदारी कार्यविधि संहिताले अपराध अनुसन्धानको क्रममा हिरासतमा राखी रहनुपर्ने आवश्यक र उपयुक्त नदेखिएको अवस्थामा शंकित व्यक्तिबाट धरौटी वा जमानत लिई वा हाजिर जमानीमा छाडी वा तारिखमा राखी अनुसन्धान गर्न सक्ने व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न प्रयत्नशील रहने प्रण गर्दछौं । संहिता कार्यान्वयनको प्रारम्भिक अभ्यासलाई मूल्यांकन गरी सरोकारवाला निकायसँग छलफल गरी आवश्यकता र उपयुक्तताका आधारमा ती संहिताहरुमा आवश्यक परिमार्जन एवम् संशोधन हुनुपर्ने सुझाव प्रस्तुत गर्दछौ । संहिता कार्यान्वयनका लागि आवश्यक पर्ने नियम निर्देशिकाहरु समयमा जारी हुने विश्वास प्रकट गर्दछौं । अपराध अनुसन्धान, अभियोजन र न्यायसम्पादन कार्यमा सहयोग गर्ने अभियुक्तलाई सजायमा छुट दिन सकिने गरी मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्थालाई एकरुपतापूर्वक कार्यान्वयनमा ल्याउनका लागि स्पष्ट मार्गदर्शनको आवश्यकता महशुस गर्दछौं ।

६. अपराध अनुसन्धानको कार्य अनुसन्धानकर्ता प्रहरीको व्यावसायिक कार्य हो । यसलाई मार्गदर्शन गर्ने र प्राप्त प्रमाणका आधारमा अभियोजन गर्ने सरकारी वकीलको व्यावसायिक जिम्मेवारी हो । अपराधको बारेमा जानकारी दिने र आवश्यकताअनुसार अपराध अनुसन्धान, अभियोजन तथा न्याय सम्पादन गर्ने कार्यमा सहयोग गर्ने नागरिकको कर्तव्य पनि हो । अपराध अनुसन्धान तथा अभियोजन कार्यमा अपराध पीडित, साक्षी, नागरिक समाज, प्रमाण परीक्षण गर्ने निकाय लगायत सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा राख्दछौं । अपराध अनुसन्धानमा अवरोध खडा गर्ने वा अनुसन्धान र अभियोजनको कार्यमा असहयोग गर्ने व्यक्ति तथा निकायलाई समेत कानूनी कारवाहीको दायरामा ल्याउने गरी कार्य सम्पादन गर्न क्रियाशील हुनेछौं ।

७. कार्यविधि कानूनको महत्वपूर्ण आधारको रुपमा रहेको प्रमाण कानून सारवान कानून कार्यान्वयनमा ल्याउने प्रमुख आधार हो । मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ एवम् संगठित अपराध निवारण ऐन, २०७० र अपराध पीडित संरक्षण ऐन, २०७५ लगायतका कानूनहरू जारी भएको सन्दर्भमा ती कानूनी व्यवस्थासँग मेल खाने गरी वैज्ञानिक, विद्युतीय तथा वस्तुगत प्रमाणको संकलन र प्रस्तुतीकरणका लागि विद्यमान प्रमाण ऐनको पुनरावलोकन गर्नुपर्ने आवश्यकता महसुस गर्दछौं । खासगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ११ मा प्रमाण परीक्षण सम्बन्धी आत्मसात गरिएका नयाँ व्यवस्थालाई कार्यान्वयन गर्ने गरी अनुसन्धान र अभियोजन गर्ने तर्फ प्रतिबद्ध रहेका छौं ।

८. जघन्य, संगठित एवम् जटिल अपराधको अनुसन्धान गर्न अपनाइने अण्डर कभर अपरेशन, कन्ट्रोल डेलिभरी, दूर सञ्चार अभिलेख र विशेष प्रक्रियाबाट गरिने प्रमाणको

संकलनका विषयमा वैयक्तिक स्वतन्त्रता र गोपनीयताको अधिकारको संवैधानिक व्यवस्थाको सम्मान गर्दै अन्य मुलुकका अनुसन्धान निकायले समेत प्रचलनमा ल्याएका असल अभ्यासलाई प्रयोगमा ल्याउन नीतिगत, कानूनी र प्रविधिगत प्रबन्ध हुने अपेक्षा राख्दछौं । अपराधको अनुसन्धानको कार्य अव परम्परागत रुपमा मात्र गरेर सम्भव हुने अवस्था छैन । अपराधको गम्भीरताका आधारमा विशेष प्रकृतिका कसूरको अनुसन्धानमा विशेष प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता कानूनले नै औंल्याइसकेको छ । यसका लागि जनशक्तिको दक्षता, कार्यबोझका आधारमा जनशक्तिको व्यवस्थापन र प्रविधिको प्रयोग एवम् स्रोत साधनको पर्याप्तता आवश्यक पर्दछ । अपराध नियन्त्रण विना शान्ति, शान्ति विना न्याय र न्याय विना सम्बृद्धि हासिल हुन सक्दैन । कसूरको प्रकृतिका आधारमा नयाँ कानूनहरू कार्यान्वयनमा आएको सन्दर्भमा ती कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि अपराध अनुसन्धानको कार्य सरकारको प्राथमिक जिम्मेवारी समेत हो । अपराध अनुसन्धान र अभियोजनको कार्यलाई अनुत्पादक क्षेत्रको रुपमा व्यवहार गरिनु हुँदैन । समाजमा सुरक्षाको प्रत्याभूतिबाट मात्र विकास निर्माण र व्यावसायिक वातावरण कायम गर्न र औद्योगिक शान्ति सुनिश्चित भई वैदेशिक लगानीको वातावरण निर्माण गर्न सकिन्छ । यो क्षेत्रलाई राष्ट्रिय उत्पादकत्वको आधारका रुपमा लिई राज्यको तर्फबाट विशेष व्यवहार हुनु पर्दछ । त्यसका लागि महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना र नेपाल प्रहरीको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको समुचित व्यवस्था हुनेमा विश्वस्त छौं । उक्त दुवै योजना कार्यान्वयन गर्न साझा प्रतिबद्धता प्रकट गर्दछौं ।

९. अपराध अनुसन्धान र अभियोजनको कार्य बहुआयामिक र चुनौतीपूर्ण व्यावसायिक कार्य हो । यस कार्यमा संलग्न रहने जनशक्तिलाई उत्प्रेरित गरी सेवामा टिकाइ राख्न र दक्ष जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गर्नका लागि व्यावसायिक भत्ता र कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था हुने अपेक्षा प्रकट गर्दछौं । अपराध अनुसन्धानमा संलग्न जनशक्तिले खटिनु पर्ने समय र बहन गर्नुपर्ने जोखिमको आधारमा उपयुक्त जोखिम भत्ताको व्यवस्था हुने अपेक्षा राख्दछौं । अपराध अनुसन्धानमा क्रियाशील जनशक्तिले यो कार्यमा गर्व गर्न सक्ने अवस्था सिर्जना हुनु पर्दछ । यसका लागि वृत्ति विकासका आधार सहितको योजना बन्नेछ भन्ने विश्वास प्रकट गर्दछौं ।

१०. अपराध अनुसन्धानका क्रममा संकलन गरिएका प्रमाणहरुको वैज्ञानिक परीक्षणका लागि पहुँचयोग्य रुपमा प्रयोगशालाको आवश्यकता महसुस भइरहेको सन्दर्भमा यस वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रत्येक प्रदेशमा विधि विज्ञान प्रयोगशालाको विस्तारका लागि गरिएको प्रतिबद्धता र बजेट विनियोजनलाई सकारात्मक प्रयासको रुपमा ग्रहण गर्दै यसै वर्षदेखि त्यस्ता प्रयोगशालाहरू कार्यसम्पादन गर्न सक्ने गरी स्थापना हुन प्रारम्भ हुने र भैरहेका प्रयोगशालाहरुको क्षमता अभिवृद्धि समेत हुने विश्वास व्यक्त गर्दछौं । प्रयोगशालाहरुको विस्तार एवम् विकासले समयमा अनुसन्धान र अभियोजनको कार्य गर्न र भौतिक सबुदहरुको समयमै परीक्षण गर्न समेत सहयोग पुग्ने

अपेक्षा राखेका छौं । हालसम्मको अभ्यासबाट मेडिको लिगल क्षेत्र कम प्राथमिकतामा परेको देखिँदा सोको संस्थागत व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयले नेतृत्वदायी भूमिका लिनेछ भन्ने अपेक्षा राख्दछौं । वैज्ञानिक प्रमाणको आधारको रुपमा रहने मेडिको लिगल क्षेत्रमा विशेषज्ञ जनशक्तिको व्यवस्था प्राथमिकतापूर्वक गर्नु पर्ने आवश्यकताबोध गर्दछौं । अनुसन्धानकर्ता र अभियोजनकर्ता एवम् प्रमाण परीक्षण गर्ने विज्ञहरु बीच समन्वय र सहकार्यको अभ्यास विकास गर्न प्रयास हुने अपेक्षा गर्दछौं । विधि विज्ञान र मेडिको लिगल क्षेत्रलाई नियमन गर्न छुट्टै ऐन निर्माण हुनु उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

११. एक पटकको कसूरदार सधैंको कसूरदार हुँदैन भन्ने मान्यतालाई विभिन्न अध्ययन र आधुनिक दण्ड प्रणालीले अंगिकार गरेका छन् । यसै विषयलाई मध्यनजर गरी नेपाललेदण्ड व्यवस्थामा सुधारात्मक दृष्टिकोणसहित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी गरेको छ । सो ऐनले आत्मसात गरेका आधुनिक दण्ड प्रणालीका सुधारात्मक उपायहरु क्रियाशील गर्नुपर्ने आवश्यकता महसुस गर्दछौं । सो क्रममा हालसम्म कार्यान्वयनमा आउन नसकेका सामुदायिक सेवा, खुला कारागार, सप्ताहन्त कैद, श्रमसहित कैद, प्रोवेसन, प्यारोल, रात्रीकालीन कारावास लगायतका सुधारात्मक व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार, संरचना निर्माण एवम् कार्यविधिगत व्यवस्थाका लागि प्राथमिकतापूर्वक कार्य गर्नुपर्ने आवश्यकता औंल्याउदछौं । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले परिकल्पना गरेको पीडित राहत कोषको स्थापनाका लागि नेपाल सरकारले बजेट समेत छुट्याएर उक्त ऐनको कार्यान्वयनका सम्बन्धमा जनाइएको अग्रसरताको हार्दिक स्वागत गर्दछौं । सो ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधिगत प्रबन्ध यथाशक्य छिटो हुनेछ भन्ने विश्वास प्रकट गर्दछौं ।

१२. नेपालले बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिप्रति प्रतिबद्धता प्रकट गरेको अवस्था समेतलाई दृष्टिगत गरी जारी भएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले आत्मसात गरेका बाल न्यायका मान्यताको प्रभावकारी कार्यान्वयनमा उच्च प्रतिबद्धता प्रकट गर्दछौं । बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान र अभियोजनका क्रममा बाल न्यायसम्पादन कार्यविधिले निर्धारण गरेका विधि र प्रक्रियाहरुको प्रभावकारी कार्यान्वयन गर्न थप अग्रसर हुने प्रतिबद्धता प्रकट गर्दछौं । बाल सुधार गृहलाई पहुँचयोग्य हुने गरी थप विस्तार हुने अपेक्षा राख्दछौं । बालबालिका संलग्न भएका मुद्दामा पीडितको सहमतीमा मुद्दाको दिशान्तर (डाइभर्सन) गरी वैकल्पिक मार्ग अवलम्बन गर्न सकिने गरी कानूनी व्यवस्था भएको सन्दर्भमा कसूरको प्रकृति र गम्भीरता समेतलाई आधार बनाई औचित्य र आवश्यकताका आधारमा दिशान्तर गरी बैकल्पिक मार्ग अवलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

१३. आर्थिक, सामाजिक परिवर्तन र सूचना प्रविधिको विकाससँगै अपराधको प्रवृत्तिमा परिवर्तन आएको छ । खासगरी महिला विरुद्ध हुने हिंसाजन्य अपराधको प्रवृत्तिमा

देखिएका केही उदाहरणहरूले अनुसन्धानकर्ता र अभियोजनकर्तालाई समेत गम्भीर बनाएको छ । कुनै घटना विशेषले समेत सिँगो राज्य व्यवस्थामा नकारात्मक प्रभाव पार्न सक्नेतर्फ विशेष संवेदनशीलता प्रकट गर्दै करणीसम्बन्धी कसूर, मानव बेचविखन तथा ओसार पसार, रसायनिक चिज वस्तु (केमिकल) प्रहार जस्ता अपराध विरुद्धका कानून कार्यान्वयनमा थप प्रभावकारिताको आवश्यकता महशुस गर्दछौं ।

१४. मानव मर्यादा विपरीतका कार्यहरु कुनै पनि सभ्य समाजका लागि शोभाका विषय हुँदैनन् । कानूनले दण्डनीय बनाई सक्दा पनि हाम्रो समाजमा मानव मर्यादा विपरीतका कार्यहरु भइरहेको अवस्था छ । यस्ता कुरीति र गलत अभ्यासलाई निर्मूल गर्न सचेत नागरिकको अग्रसरता र कानून कार्यान्वयन गर्ने निकायको प्रभावकारिता आवश्यक पर्दछ । कानूनले कसूरका रुपमा परिभाषित गरेको जातीय छुवाछुत तथा भेदभावसम्बन्धी कसूर, बोक्सी एवम् छाउपडी लगायतका भेदभावजन्य कसूरको अनुसन्धान र अभियोजनलाई वस्तुगत प्रमाणमा आधारित बनाउन नागरिक समाज र पीडितहरूको समेत विशेष अग्रसरताको आवश्यकता महशुस गर्दछौं । मानव मर्यादा विपरीत हुने यस्ता अपराधका विरुद्धमा सबै तहका सरकारी निकाय, गैरसरकारी क्षेत्र र नागरिक समाजको साझा क्रियाशीलता र सहकार्यका लागि हार्दिक आह्वान गर्दछौं ।

१५. कानूनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनी सिद्धान्तलाई व्यवहारमा कार्यान्वयनमा ल्याउनका लागि कानूनको बारेमा उचित प्रचार प्रशार गर्नु पर्ने राज्यको दायित्व हो । मुलुकी अपराध संहिता समेतका कानूनहरूका बारेमा आमसमुदायलाई सूचित गर्न एवम् सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय सम्पादनसँग सम्बन्धित काम कारवाहीका बारेमा जानकारी दिन विगत वर्षदेखि अभ्यास गरिएको समुदायमा सरकारी वकील कार्यक्रम र समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई संयुक्त रुपमा सञ्चालन गर्ने अभ्यासले सकारात्मक प्रभाव पारेको अनुभूति भएको छ । समुदायमा आधारित यस प्रकारका कार्यक्रमलाई सबै तहका सरकारी निकाय, सार्वजनिक संस्था एवम् गैरसरकारी क्षेत्रसमेतसँग समन्वय गरी अभियानका रुपमा लैजान हामी प्रतिबद्ध छौं । यस प्रयोजनका लागि आवश्यक स्रोत साधनको समुचित प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

१६. समाजमा दिन प्रतिदिन बढ्दै गइरहेको अन्तरदेशीय स्वरुपको संगठित अपराधलाई निवारण गर्न राज्यले विशेष प्राथमिकता दिनु पर्ने देखिएको छ । यस्तो अपराधलाई नियन्त्रण गर्नका लागि तर्जुमा गरिएको सँगठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयनका लागि अपराध अनुसन्धान र अभियोजन गर्ने निकायको संस्थागत क्षमता र जनशक्ति विकासका लागि थप प्रयास हुनुपर्ने आवश्यकता महशुस गर्दछौं । खासगरी यस्ता अपराधको अनुसन्धान पद्धतिको आधुनिकीकरणका लागि अन्य मुलुकका सफल अभ्यासहरूका बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरू परिचित हुनुपर्ने आवश्यकता छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरका सम्बन्धमा अन्य सम्बद्ध कसूरको अनुसन्धान गर्दा समेत विचार गर्नुपर्ने हुँदा यस्ता विषयमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूलाई

विशेष प्रशिक्षण र सफल अभ्यासको बारेमा परिचित तुल्याउन आवश्यक प्रबन्ध हुने अपेक्षा राख्दछौं ।

१७. अपराधको संख्या र स्वरुपमा विस्तार भइरहेको सन्दर्भमा अपराध अनुसन्धान तथा अभियोजनमा संलग्न जनशक्तिको संख्यात्मक एवम् गुणात्मक विस्तार गर्नुपर्ने आवश्यकता महशुस गर्दछौं । यसका लागि अपराध अनुसन्धानमा संलग्न जनशक्तिलाई सोही प्रयोजनमा मात्र परिचालन गर्ने र आवश्यकताका आधारमा विषयगत रुपमा विशिष्टीकरण गर्दै लैजाने दिशामा थप अग्रसरताको आवश्यकता महशुस गर्दछौं । सरकारी वकीलको जनशक्तिलाई विषयगत विशिष्टीकरण गर्न प्रारम्भ भैसकेको सन्दर्भमा यसलाई निरन्तरता दिदै अनुसन्धानकर्ता र अभियोजनकर्ताको व्यावसायिक एवम् पेशागत सुरक्षा र क्षमता विकास गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन आवश्यक रहेको छ । सो प्रयोजनका लागि संविधानको भावना अनुरुप सरकारी वकीलको सेवा र शर्तसम्बन्धी कानून शीघ्र तर्जुमा हुने विश्वास लिएका छौं ।

१८. अपराधको प्रबृत्तिगत विश्लेषण गरी अपराध रोकथाम गर्ने विषयमा नीतिगत तथा कानूनी प्रबन्ध गर्न अपराधशास्त्रीय अनुसन्धान अपरिहार्य हुन्छ । महान्यायाधिवक्ताले प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदनमा पनि अपराधको प्रबृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने संवैधानिक व्यवस्था समेत रहेको छ । फौजदारी न्याय प्रणालीको प्रभावकारिताका विषयमा अपराधशास्त्रीय अनुसन्धान गरी फौजदारी कानूनको पुनरावलोकन गर्ने आधार तय गर्न महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयले सहकार्य गर्नुपर्ने आवश्यकता महशुस गर्दै उक्त कार्यका लागि साधन र स्रोतको समुचित प्रबन्ध हुने अपेक्षा गरेका छौं ।

१९. अपराधिक गतिविधिमा विद्युतीय प्रणाली र उपकरणको प्रयोग बढ्दो रुपमा रहेको छ । विद्युतीय कारोवार ऐनले परिभाषित गरेका विद्युतीय अपराधको सुनुवाइका लागि २०६४ सालमा काठमाडौं जिल्ला अदालतलाई तोकी मुद्दाको सुनुवाइ हुँदै आएकोमा पछिल्लो समयमा उक्त कसूरको संख्यामा उल्लेख्य बृद्धि भई अपराध अुनसन्धानको क्रममा म्याद थप र पीडितको पहुँच लगायतका विषयमा व्यावहारिकताको दृष्टिले असहज भएको सबै पक्षबाट अनुभूत भएको छ । त्यस्ता कसूरको सुनुवाइमा सहजताका लागि सर्वसाधारणको पहुँच पुग्ने स्थान एवम् निकायबाट मुद्दाको कारवाही र किनारा हुने गरी उपयुक्त व्यवस्था हुन र विद्युतीय अपराधका आयामहरुको विश्लेषण गरी कानूनमा आवश्यक पुनरावलोकन हुन उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

२०. मुलुकी अपराध संहिताले बहिर्क्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरेको सन्दर्भमा सो व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सपुर्दगी र पारस्परिक कानूनी सहायतासम्बन्धी कानूनको कार्यान्वयन प्रभावकारी हुने गरी नेपाल सरकारबाट आवश्यक व्यवस्था

हुन आवश्यकताबोध गर्दछौं । विदेशमा रहेका नेपालीहरू उपर हुन सक्ने आपराधिक गतिविधिहरूको अनुसन्धान गरी कानूनी दायरामा ल्याउने कार्यलाई सहजीकरण गर्नका लागि हाललाई पचास हजारभन्दा बढी नेपाली नागरिक बसोबास गरेका देशमा अपराध अनुसन्धान र अभियोजनकर्ताहरू रहने गरी सहचारीको व्यवस्था गरिनु उपयुक्त हुने धारणा प्रकट गर्दछौं ।

२१. बैंकिङ् कसूर तथा सजाय ऐनले गरेको व्यवस्था बमोजिम चेक सटही नभएको विषयमा पर्ने बैंकिङ कसूरसम्बन्धी मुद्दाको संख्या बढ्दै गएको र यसले उच्च अदालतमा मुद्दाको चाप अत्यधिक मात्रामा थपिंदै जानुका साथै गम्भीर प्रकृतिका कसूरमा केन्द्रित भई कार्यसम्पादन गर्न अपराध अनुसन्धान र अभियोजनमा संलग्न रहेका जनशक्तिको कार्यसम्पादनमा समेत गम्भीर प्रभाव पारेको हुँदा उक्त मुद्दा सम्बन्धित जिल्ला अदालतबाट हेरिने गरी अधिकारक्षेत्रको पुनरावलोकन हुन उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

२२. अपराधको कुनै राजनीतिक आवरण हुँदैन भन्ने मान्यतामा विश्वास प्रकट गर्दै फौजदारी कसूरको अनुसन्धान र अभियोजन कानूनले परिभाषित गरेको विधि र प्रक्रियाबाट सञ्चालन हुने विषयमा सम्बद्ध सबै विश्वस्त रहन हार्दिक आह्वान गर्दछौं । अनुसन्धान र अभियोजनमा नियतबस गरिने कुनै पनि किसिमका काम कारवाहीहरू संस्थागत संरक्षणका विषय हुने छैनन् भन्ने विश्वास दिलाउन चाहन्छौं । कानूनको सर्वोच्चताको मान्यताप्रति समर्पित हुँदै कानूनले परिभाषित गरेको कसूरमा संलग्न जो कोही कानूनको समान कार्वाहीको विषय हुनेमा साझा धारणा प्रकट गर्दछौं । अनुसन्धान र अभियोजनको कार्य नितान्त व्यावसायिक जिम्मेवारीको विषय भएकोले आफ्नो जिम्मेवारीको विषयमा उत्तरदायित्वपूवर्क कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कुनै पनि प्रकारको हस्तक्षेप वा अवाञ्छित प्रभावलाई अस्वीकार गरिने विषयमा हामी प्रतिबद्धता प्रकट गर्दछौं ।

२३. मुलुकी फौजदारी कार्यविधि संहिताले साक्षीको संरक्षण गर्नुपर्ने कानूनी दायित्व प्रहरीलाई सुम्पिएको छ । त्यसैगरी अपराध पीडितको सुरक्षा र सहायताको विषय पनि प्रहरीको जिम्मेवारीको विषय हो । सरकारका तर्फबाट गर्नु पर्ने कसूरबाट पीडित व्यक्तिको सहायता र साक्षीको सुरक्षा एवम् संरक्षण गर्ने कार्यमा कानूनले सुम्पिएको दायित्व पूरा गर्न अनुसन्धानकर्ता र अभियोजनकर्ताको साझा प्रतिबद्धता एवम् अग्रसरता अत्यावश्यक रहन्छ । यसका लागि आवश्यक पर्ने कानूनी व्यवस्था, संरक्षण गृह समेतका पूर्वाधार, संरचना एवम् स्रोत साधनको व्यवस्थापन समयमै हुनेछ भन्ने विश्वास प्रकट गर्दछौं । जघन्य र गम्भीर प्रकृतिका फौजदारी मुद्दाको कारवाही र किनारा समयमा गर्न एवम् पीडित र साक्षीको सुरक्षा र संरक्षण गर्नका लागि अवलम्बन गरिएको लगातार सुनुवाइसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धानकर्ता

र अभियोजनकर्ताको साझा प्रतिबद्धता पुनः प्रकट गर्दछौं । हेलो साक्षीको अभ्यासबाट प्रारम्भिक रुपमा देखिएको सकारात्मक प्रभावलाई मध्यनजर गरी अभियानको रुपमा यो कार्यक्रमलाई विस्तार गर्न प्रतिबद्ध छौं ।

२४. सूचना प्रविधिको विकाससँगै अधिकांश मानिसहरु विद्युतीय माध्यमद्वारा सामाजिक सञ्जालमा आवद्ध भएका र सामाजिक सञ्जालका माध्यमबाट सकारात्मक सन्देश प्रवाहका अलावा व्यक्तिको वैयक्तिक गोपनियता, व्यक्तिगत प्रतिष्ठा एवम् सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने खालका काम कारवाहीमा समेत अधिक रुपमा वृद्धि भएको देखिएको छ । यस्ता सञ्जालहरू कतिपय अवस्थामा अपराध गर्ने माध्यमका रुपमा पनि प्रयोग भएको देखिएको छ । कतिपय अवस्थामा अपराधका लागि उक्साउने र अपराधीलाई संरक्षण गर्ने साधनको रुपमा प्रयोग गर्ने अवस्था समेत देखिएको छ । सामाजिक सञ्जालहरुलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको वाञ्छित सीमाभित्र रही नियमन गर्नुपर्ने र अपराध अनुसन्धानको क्रममा सूचनामा आवश्यक पहुँच कायम हुने गरी व्यवस्थापन हुन सम्बन्धित सबैको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

२५. कतिपय अवस्थामा सूचनाको हकको प्रयोगबाट अपराध अनुसन्धानको संवेदनशीलतामा ध्यान नपुगेको अनुभव भएको छ । लोकतन्त्रमा नागरिक स्वतन्त्रताको अधिकाधिक सम्मान हुनुपर्दछ भन्ने विषयमा प्रतिवद्ध हुँदै स्वतन्त्रता निरपेक्ष हुन नसक्ने तथ्य समेतलाई मनन् गरी अपराध अनुसन्धानको गम्भीरता, यसको संवेदनशीलता र अनुसन्धानमा पर्न सक्ने नकारात्मक प्रभावप्रति सबै पक्ष गम्भीर हुनुपर्दछ । आम सञ्चार माध्यमहरुलाई नियमन गर्न बनेका कानून एवम् आचार संहिताहरुले गरेका विशेष व्यवस्थाहरुप्रति सम्मान गर्दै सार्वजनिक शान्ति, कानून र व्यवस्था कायम गर्ने कार्यमा नागरिकको कर्तव्य समेतलाई मनन् गरी अपराधसँग सम्बन्धित सूचनाको प्रवाह गर्दा त्यसले समाजमा र अपराधको अनुसन्धान तथा अभियोजनमा पार्न सक्ने प्रभावलाई दृष्टिगत गरी संवेदनशीलता अपनाउन सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौं ।

२६. वैदेशिक रोजगारीको विस्तार एवम् विकसित मुलुकमा आप्रवासन गर्ने चाहना जस्ता कुराहरुले गर्दा मानव तस्करीका घटनाहरू निरन्तर बृद्धि हुँदै गएका छन् । हाम्रो मुलुकमा समेत यसका नकारात्मक परिणामहरू देखा पर्न थालेका छन् । गैरकानूनी रुपमा हुने मानव तस्करीलाई नियमन गर्ने कानूनी व्यवस्थालाई प्राथमिकतापूर्वक तर्जूमा गर्नु पर्ने आवश्यकता औंल्याउदछौं ।

२७. असल नियतले गरेका काम कारवाहीहरू अपराधको कोटीमा पर्दैनन् भन्ने फौजदारी कानूनको सिद्धान्तलाई मुलुकी अपराध संहिताले समेत सम्बोधन गरेको छ । राज्यको दायित्व र सार्वजनिक हितको संरक्षणका लागि निजी जीवन छोडी चौवीसै घण्टा

क्रियाशील रहनु पर्ने अनुसन्धानकर्ता र अभियोजनकर्ताको उत्प्रेरणा र मनोवल विस्तार गर्नेतर्फ विशेष सम्बोधन हुने अपेक्षा राख्दछौं । सीमित स्रोत साधन र विभिन्न प्रतिकूल परिस्थितिमा अपराध अनुसन्धान र अभियोजन गर्ने कार्य सहज नहुँदा नहुँदै पनि सो जिम्मेवारीलाई कटिबद्धतापूर्वक बहन गर्न प्रतिबद्ध छौं । उक्त जिम्मेवारी बहन गर्ने सिलसिलामा असल नियतले गरेका काम कारवाहीलाई लिएर अनावश्यक रुपमा फौजदारी दायित्व व्यहोर्नु पर्ने छैन भन्ने कुराको सुनिश्चितताको अपेक्षा राख्दछौं ।

२८. अपराधको अनुसन्धान र फौजदारी मुद्दाको फैसला कार्यान्वयनसँग जोडिएको महत्वपूर्ण क्षेत्र कारागार र हिरासत कक्ष हो । मुलुकी अपराध संहिता समेतका कानूनहरूको कार्यान्वयनपछि मुद्दाको प्रकृति र संख्यामा वृद्धि भएसँगै थुनुवा र कैदीको संख्यामा वृद्धि भएको यथार्थ सबै सामु छर्लङ्ग छ । विभिन्न समयमा भएका अनुगमन प्रतिवेदनहरूले समेत कारागार र हिरासत कक्षको अवस्थामा सुधार गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । मुलुकी संहिताहरूसँगै जारी भएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले समेत दण्डको सुधारात्मक प्रणाली अंगिकार गरेको सन्दर्भमा कारागार तथा हिरासत कक्षलाई प्राथमिकतापूर्वक सुधार गर्नुपर्ने आवश्यकता औंल्याउछौं । बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भई बाल न्यायका स्वीकृत मान्यताहरूलाई आत्मसात गरिसकेको अवस्थामा बाल सुधार गृहको विस्तार र स्तरोन्नति गर्नु पर्ने आवश्यकता दर्शाउदछौं ।

२९. अपराध अनुसन्धानको क्रममा शंकित व्यक्ति फरार हुने, मुद्दा दायर भएपछि अदालतमा उपस्थित भई कसूर अस्वीकार गर्ने जस्ता प्रवृत्तिलाई निरुत्साहित गर्न र अनुसन्धानको क्रममा फरार रहेका प्रतिवादीको स्पष्ट नाम थर वतन जस्ता परिचयात्मक विवरण नखुलेको कारणबाट अदालतमा अनावश्यक रुपमा मुद्दाको कारवाही लम्बिने अवस्थालाई कम गरी अपराध अनुसन्धान तथा अभियोजनको कार्यलाई अझ यथार्थपरक र वस्तुनिष्ठ बनाउन आवश्यक छ । मुद्दाको कारवाहीलाई छिटो छरितो र थप प्रभावकारी बनाउन फरार अभियुक्तको हकमा फरारी अवस्थामै मुद्दा नचलाई अनुसन्धानको दायरामा आएका व्यक्तिहरूका हकमा तत्काल अभियोजनसम्बन्धी निर्णय गर्ने र फरारीका हकमा अनुसन्धान जारी राखी नियन्त्रणमा आएपछि अभियोजन सम्बन्धी निर्णय गर्ने परिपाटीको विकास गर्न वाञ्छनीय हुने देखिएकोले यस्तो पद्धतिलाई अंगिकार गर्न विकसित मुलुकका सफल अभ्यासको समेत अध्ययन गरी कानूनी प्रबन्ध गरिनु पर्ने आवश्यकता महशुस गर्दछौं ।

३०. अपराध अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनको कार्यलाई विद्युतीय सञ्जालमा आबद्ध गर्न सकेमा छिटो छरितो रुपमा काम कारवाही हुन सक्ने अवस्था रहन्छ । यसका लागि फौजदारी न्याय प्रशासनका तीन वटै अंगहरूका काम कारवाहीहरू विद्युतीय

प्रणालीमा आबद्ध गर्न आवश्यक पहल हुनुपर्ने र सोको लागि एकीकृत डाटाबेस प्रणाली विकास गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

३१. सरकारी निकायको अधिनमा रहेका तथ्य तथ्यांकहरु खासगरी नागरिकका व्यक्तिगत विवरण फिंगर प्रिन्ट, राष्ट्रिय परिचयपत्र लगायतका अभिलेख, अध्यागमनको विवरण समेतका आधारमा कसूरको अनुसन्धान गर्न सकिने हुँदा सरकारी अधीनमा रहेका त्यस्ता विवरण र तथ्यांकलाई एकीकृत डाटावेसका रुपमा भण्डारण गरी अनुसन्धान निकायको पहुँच सुनिश्चित गर्ने र व्यक्तिको आचरण तथा व्यवहारका आधारमा आपराधिक अभिलेखको विश्लेषण गर्न सकिने गरी राज्यका निकायहरुका बीचमा प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकता औल्याउँदछौं ।

३२. बढ्दो सूचना प्रविधिको परिवेशमा संसारको जुनसुकै कुनामा रहेको व्यक्ति तथा नागरिकले न्याय सम्पादनमा आफ्नो उपस्थिति र सहभागिता जनाउन सक्ने प्रविधिजन्य अवस्था रहेको र कानूनले समेत स्वीकार गरिसकेको अवस्था छ । पर्याप्त पूर्वाधार, संरचना र जनशक्तिको अभावका कारण मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाईमा सूचना प्रविधिको यथेष्ट प्रयोग हुन नसकिरहेको हुँदा आगामी दिनका मुद्दाको कारवाहीमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिँदै छिटो र छरितो न्याय सम्पादनका लागि अग्रसर हुने प्रतिबद्धता व्यक्त गर्दै त्यसको पूर्वाधारको विकासका लागि पर्याप्त स्रोत र साधानको व्यवस्थाका लागि अनुरोध गर्दछौं ।

३३. फौजदारी न्याय प्रशासनको अभिन्न अंगको रुपमा रहेका अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गर्नु राज्यको मुख्य दायित्व हो । नेपालको संविधानले अपराध पीडितलाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको र अपराध पीडित संरक्षण ऐन, २०७५ ले पनि अपराध पीडितले क्षतिपूर्ति पाउने विषयलाई सुनिश्चित गरेको अवस्था छ । उल्लिखित व्यवस्था र अपराध पीडितले व्यहोर्नु परेको पीडालाई हृदयंगम गरी कसूर गर्ने व्यक्तिको मृत्यु भएको, फेला नपरेको वा कसूरदारको पहिचान नभएको जस्ता जुनसुकै अवस्थामा पनि पीडितले क्षतिपूर्ति पाउने विषयलाई सुनिश्चित गर्न उपयुक्त कानूनी प्रबन्ध गर्न आवश्यक देख्दछौं । पीडितलाई प्रदान गरिने क्षतिपूर्ति निर्धारणका आधार सहितको निर्देशिका निर्माण गर्नु पर्ने आवश्यकता पनि महशुस गर्दछौं ।

इति सम्बत् २०७६ साल पुस ६ गते रोज १ शुभम् ................................................




नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री दीपककुमार कार्की




नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
नेपाल बार एशोसिएशनका महासचिव श्री लीलामणि पौडेल



नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
माननीय गृह मन्त्री श्री रामबहादुर थापा




नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको
दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुँदै
नेपाल बार एशोसिएशनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठ